
# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

**समाचार अङ्क**

**जेष्ठ पूर्णिमा**



२५४५ औं बैशाख पूर्णिमामा धनगढी, कैलाली स्थित शान्ति पदयात्रा




२५४५ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा धरानस्थित शान्ति पदयात्रा



२५४५ औं बैशाख पूर्णिमाको उपलक्ष्यमा हेटौंडामा बुद्ध पूजा

DHARMAKIRTI

वर्ष- १९ अङ्क- २ वार्षिक रु. ६०/- मूल्य रु. ५/-

## सम्पादकीय

# मायादेवी मन्दिर निर्माण र लुम्बिनी विकास

लुम्बिनी विकास योजनाको जन्म भएको बीसौं वर्ष भैसक्यो। यस योजनाको शुरुवातले लुम्बिनीको भविष्य उज्ज्वल हुने आशा लिएका थिए विश्वले। फलस्वरूप लुम्बिनी विकास गुरु योजना पनि तयार भयो। तर अपशोच ! विकास कार्य भने १० वर्ष पछि मात्र शुरु भयो। पहिला त लुम्बिनी पुग्नको लागि भैरहवा देखि लुम्बिनी सम्मको बाटो मात्र तयार भयो। त्यसपछि जग्गा अधिकरण र रुख रोप्ने कार्य शुरु भयो। यति कार्य सकाएर दश पन्ध्र वर्षसम्म त थकाई मारेर बस्यो यस योजनाले। त्यस पछिको १० वर्ष भित्रका लुम्बिनी विकास योजनाले इच्छुक स्वदेशी र विदेशी संघ संस्थाहरूलाई लुम्बिनीको जग्गा वितरण गरी आ-आफ्नो इच्छानुरुप भवन र मन्दिर बनाउने मौका दिए। फलस्वरूप हाल जापान, चीन, श्रीलंका, बर्मा, थाइलैण्ड, कोरिया, भियतनाम र भारतको महावोधी सोसाइटी र नेपाल आदि विभिन्न देशहरूबाट आफूले प्राप्त गरेका जग्गामा आ-आफ्ना देशका कलाकृति प्रदर्शन गर्दै अतिथी भवन र बुद्ध मन्दिर निर्माण कार्य सम्पन्न गर्दैछन्।

बीस वर्षपछि जापानी बौद्ध संघको तर्फबाट मायादेवी मन्दिर पुनः निर्माण कार्यको सम्झौता गरियो। तर सम्झौता भएको ५ वर्ष भइसक्दा पनि हालसम्म मायादेवी मन्दिर निर्माण कार्यले कुनै ठोस रुप लिन सकिरहेको छैन। पुरानो मन्दिर बिगारी मायादेवीलाई अलग्ग एक स्थानमा थन्काइएको छ अनाथ पारी। मन्दिर उत्खनन् पछि मन्दिरको शोभाको रुपमा रहेको रुख पनि नाश गरी धराशयी पारिसकियो।

मायादेवी मन्दिर निर्माणको लागि शिलान्यास कार्य समापन भएको नै ३ वर्ष बितिसक्यो। नक्सा पनि तयार गरिसकेको नै थियो। तर त्यस नक्सा भने स्वीकृत हुन सकेन।

त्यसपछि अर्को नक्सा तयार गरियो। यस नक्सा संयुक्त राष्ट्र संघ मार्फत् तयार भई स्वीकृत भइसकेको भए तापनि यसले नेपालको कलाकृति अनुरुप प्रस्तुत हुन नसकेको कारणले प्रधान मन्त्रीको तर्फबाट अस्वीकृत भइयो भन्ने कुरो बुझियो।

यसरी नेपालको सँस्कृतीप्रति माया मोहको कारणले विकास कार्य नै अवरुद्ध भइरहेको यस समस्यालाई सोच्न र बुझ्न लायक भइरहेको छ । किनभने मायादेवी कुनै एक व्यक्तिको व्यक्तिगत हक र अधिकारभित्र सिमित रहेको सम्पत्ति होइन। वास्तवमा सँस्कृतिले त प्रगतिशील कार्यलाई जनाउने गर्छ। तर यहाँ यसको ठीक उल्टो कार्य भइरहेको छ। सँस्कृतिको नाममा निर्माण र प्रगतिकार्यमा बाधा र अवरोध ल्याउनु सँस्कृतिको लागि कहाँसम्म सुहाउने कुरो हो ? हाल मायादेवी मन्दिरको निर्माण कार्य यथाशिघ्र होस् भनी विश्वले नै कामना गरिरहेको छ।

तर यहाँ मन्दिरको त के कुरा ? लुम्बिनी विकास क्षेत्रको बस पार्कमा अन्तर्राष्ट्रिय स्तरको चर्पी एउटा पनि बनाउन सकिराखेको छैन। एक साधारण व्यक्तिको लागि पनि स्वास्थ्य सुरक्षाको दृष्टिकोणले नभई नहुने आधारभूत आवश्यकताको रुपमा रहेको चर्पीको पनि व्यवस्था हुन नसक्नु लाजमर्दो कुरो नै ठहरियो। यही असुविधाको कारणले गर्दा विदेशी नागरिक र पर्यटकहरूका लागि ज्यादै आपद परिरहेको छ। त्यसैले होला थाइलैण्डका एक बौद्ध समूहको तर्फबाट लुम्बिनी विकास क्षेत्र भित्र अन्तर्राष्ट्रिय स्तरको चर्पी बनाउने इच्छा राखी नक्सा तयार गरिएछ। तर लुम्बिनी विकास कोषको तर्फबाट त्यस नक्सालाई अस्वीकार गर्दै नेपालको कलाकृती अनुसार नै नक्सा तयार पार्नु पर्छ भन्दै तगारो खडा गरियो रे।

यदि यस्तो हो भने प्रश्न उठ्न सक्छ, नेपालमा नेपालकै कलाकृति मात्र किन चाहिएको होला ? हाम्रो नेपाली कलाकृती विदेशमा बनाउन पाउँदा चाहिं हामीलाई खुशी लाग्ने रे। तर विदेशीहरूले हाम्रो देशमा उनीहरूको कलाकृती बनाउन खोज्यो भन्दैमा हामीले किन विरोध गर्ने ? आफ्नो सम्पत्ति खर्च गरी आ-आफ्नो कलाकृति प्रदर्शन गर्ने त सबैको इच्छा हुन्छ नै। यही सँस्कृतीको निहुँमा परी अगाडि नबढ्ने हो भने त हाल लुम्बिनीमा विदेशीहरूले आ-आफ्ना कला देखाई जे जति मन्दिरहरू बनाई लुम्बिनीको मोहडा नै परिवर्तन गरिसके, ती निर्माण कार्यहरूले विकासको मोड कदापि लिन सक्दैन थिए होला अहिले सम्म पनि।

हामी सबैले थाहा पाएकै कुरो हो, लुम्बिनी विकास कार्यमा जति गतिशीलता आउँछ। त्यति नै नेपालीहरूको पनि प्रगति र विकास हुनेछ। तर यसकुरा नबुझी नेपालीहरूले नै नेपालको प्रगति नचाही आफ्नो कलाकृतीमा मात्र अन्ध श्रद्धा राख्ने हो भने लुम्बिनी विकास कहिले हुने ?

यसरी सरसरती हेर्ने हो भने लुम्बिनी विकास कार्यमा थुप्रै बाधा अड्चनहरू देखिएतापनि हालको लागि प्रमुख बाधाको रुपमा यी ३ वटा तत्त्वहरू देखिएका छन् -

१. लुम्बिनी विकासको गुरुयोजना ज्यादै व्यापक रहेको।
२. पुरातत्त्व विभागले कलाकृतीको र सम्पदाको मात्र निहुँ झिकी संकुचित व्यवहार गरी विकास कार्यमा तगारो हाल्नु।
३. लुम्बिनी विकास कोषलाई पूर्ण अधिकार प्राप्त नहुनु र अर्को तर्फबाट भन्ने हो भने यस निकायमा चाहिंदो मात्रामा सक्षमता नहुनु।

लुम्बिनी विकास क्षेत्रको उन्नतिको खातिर हाल यी समस्याहरूलाई यथासिघ्र समाधान गर्न अति जरुरी देखिएको छ।

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघः टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४५
नेपालसम्वत् ११२१
इस्वीसम्वत् २००१
बिक्रमसम्वत् २०५८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | | वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**JUNE 2001**


| वर्ष- १९ | अङ्क- २ | ज्यापुन्ही | जेष्ठ २०५८ |
|---|---|---|---|





★ लाज मान्न नहुने ठाउँमा लाज मान्दछ, लाज मान्नु पर्ने ठाउँमा लाज नमानी मिथ्या दृष्टि ग्रहण गर्ने व्यक्ति दुर्गतिमा पुग्दछ ।

★★★

★ आफूलाई संयम र दमन गर्ने व्यक्ति निर्वाण तरफ जान सक्छ, हात्ती घोडा आदिमा चढी त्यस तरफ जान सकिंदैन ।

★★★

★ धेरै खाना खाने अल्छी, निद्रालु मानिस धेरै खानाले मोटाएर राखेको सुंगुर जस्तै हो, त्यस्ता मूर्ख बराबर गर्भवासमा आउँछ ।

★★★

# अभिणह जातक

✍ प्रकाश बज्राचार्य

कसैलाई थाहा थिएन कि त्यो मान्छेले कुकुर बटुलेर के गर्ने हो । उनको काम थियो कुकुर बटुल्नु । राम्रा र लोभ्याउँदा कुकुरहरू उनले जहाँ देख्थे त्यहिं नै किन्थे । किनेर लगिसकेपछि ती कुकरलाई के गर्ने हो, कसैलाई चासो थिएन ।

राजमहलको बाहिर अवस्थित राजाको हात्तीसारमा पनि एकपल्ट उनी आइपुगे । हात्तीसारमा एउटा कुकुर बरोबर आउने गर्थे । त्यो अग्लो कालो र हृष्टपुष्ट कुकुरलाई त्यो मान्छेले देखेछ । त्यो कुकुरको कुनै मालिक पनि छ कि भनी हात्तीसारका सैनिक र माउतेहरूसंग सोद्धा लावारिस कुकुर हो भनी थाहा पाए ।

अनि त के चाहियो ? विस्तारै गोजिबाट केही कार्षापण (पैसा) निकाली त्यो मान्छेले हात्तीसारका सैनिक र माउतेहरूको हातमा राखिदिए - त्यो कुकुरको किमत । सधैं हात्तीसारमा खेल्न आइराख्ने त्यो कुकुरलाई पैसा लिएर बेच्न पाएकोमा सबै रमाएका थिए । घेरा हाली कुकुरलाई समाते ।

कुकुर छटपटाए । कराए । रोए । तर कुकुरको वेदना मानिसले के बुझोस् ? कुकुर धेरै चलेकोले सैनिकहरूले त्यसका हात खुट्टाहरू डोरीले बाँधिदियो । बेसहारा कुकुर बेस्सरी रून थाले । कुकुरको पैसा तिरेर त्यो मान्छेले कुकुरलाई घसिट्दै हात्तीसारबाट बाहिर निस्के ।

हात्तीसारभित्र बाँधिएको राजाको मंगल हात्तीले कुकुर रोएको आवाज सुन्यो । बाहिर हेर्छ त विवश कुकुरलाई निठुरी व्यक्तिले घसिर्दै लगेको देख्यो । हात्ती चिच्याए । आफ्नो बन्धन चुंडाउन आफ्नो शक्ति लगाए । तर हात्तीलाई बाँधिराखेको सिक्री अति बलियो थिए । रिसले चुर शक्तिशाली मंगल हात्तीले समेत त्यसलाई चुंडाल्न सकेन । हात्तीको चित्कार सुनेर हात्तीसारका अन्य हात्तीहरू सतर्क भए; सैनिकहरू डराए, माउतेहरू डरले कामे । भयंकर डरलाग्दो आवाजमा हात्ती कराउँदै थियो । आफ्नो सर्वशक्ति लगाएर बन्धन तोड्न खोज्दै थियो । तर सकेन । अन्तमा हार मानेर हात्ती विस्तारै त्यहीं थचक्क बसे । आँखाबाट भलभलि आँसु बहन थाले । हात्तीको दुःख र दर्द कसैले बुझ्न सकेका थिएनन् । कसैलाई थाहा थिएन कि त्यो कुकुर जसलाई भर्खरै बेचिएको हो, त्यो मंगल हात्तीको अभिन्न साथी थियो ।

× × ×

पाँचदिन पछि राजदरवारभित्र राजाको खोपिमा ।

"महाराज ! पाँचदिन भइसक्यो मंगल हात्तीले खाएको केही छैन । पानी पनि पिउँदैन ।" एक सैनिकले जाहेर गरे ।

"चिन्ता त मलाई पनि लागिसक्यो । के भा'को होला मेरो हात्तीलाई ।" राजाले भने, "मन्त्री, तिम्रो के विचार छ ?"

"खोई, के भन्नु राजन् ? के हात्तीलाई कुनै रोग लागेको जस्तो देखिन्छ ?" मन्त्रीले सोधे ।

"उहुँ ! हात्ती त अति नै हृष्टपुष्ट छ । घाउ चोट लागेको केही देखिन्दैन । न कुनै रोग नै लागेको जस्तो देखिन्छ ।" - सैनिकले भने ।

"यस्तो त नहुनु पर्ने ।" राजाले टिप्पणी गरे ।

"अति रिसाहा भएछ हात्ती त । खाना दिन जान हिम्मत पनि कसैको छैन अब त । त्यहाँका चार खम्बाहरू पनि तोडिसकेका छन् ।" सैनिकले थपे ।

"सैनिक ! एउटा कुरो भन त । आजको पाँचदिन अगाडि हात्तीसारमा कुनै घटना घटेको थियो ?" मन्त्रीले खोटल्न शुरु गरे ।

सैनिक विचारमग्न भए ।

"धन्दा मान्नु पर्दैन । नडराइकन भन । जस्तोसुकै सानो घटना किन नहोस्, हामीलाई बताऊ । हामीले सानो ठानेको घटना सायद जनावरलाई ठूलो घटना पो ठहरिए कि ! ?" मन्त्रीले थपे ।

"एउटा सानो घटना चाहिं भएको थियो, सरकार । त्यो दिन एकजना व्यक्ति आएर त्यहीं हात्तीसारमा सधैं आइराख्ने एक लावारिस कुकुरलाई किनेर लगेको थियो ।" सैनिकले भने ।

'छर्लङ्गै छ नि कुरो ! पक्कै मंगल हात्ती र त्यो



Downloaded from http://www.dhamma.digital

कुकुर असाध्यै मिल्ने हुनु पर्दछ । त्यही बिछोडले गर्दा हात्तीको यो हालत भएको हो ।" मन्त्रीले निष्कर्ष निकाले ।

"हुन त हो, त्यतिबेला कतिबेलासम्म त मंगल हात्ती भयंकर आवाजमा कराइराखेको पनि थियो ।" सैनिकले थपे ।

"त्यो कुकुर किनेर लग्ने मान्छे को हो, चिन्छौ त ?" राजाले सोधे ।

"चिन्दिन, महाराज । त्यो मान्छे को हो ? कहाँ बस्छ ?? कसैलाई थाहा छैन ।" सैनिकले जवाफ दिए ।

"उफ् ! अब के गर्ने ल !?" राजाले लामो श्वास हाले ।

× × ×

धम्म ! धम्म !! धम्म !!!

नगडाको आवाजले वरिपरिका सबै मानिसहरू भेला भए नगडा बजाउनेको चारैतिर । धेरै मानिसहरूको जमात भइसकेपछि नगडा बजाउने सैनिकले आफ्नो ठूलो आवाजमा भने, "वाराणशीका जनताहरू ! ब्रह्मदत्त राजाको हुकुम अनुसार चाँडै नै तपाइँहरू सबैको घरमा तलाशी लिइने छ । राजाको हात्तीसारमा आउँदै गर्ने एक अग्लो, कालो र हृष्टपुष्ट कुकुरको खोजि हुँदैछ । जसको घरमा त्यो कुकुर भेट्टिन्छ उसलाई राजदण्ड दिइने छ ।"

झ्यालि पिटेर गरिएको राजाको यो घोषणा त्यहीं भिडमा उभिराख्ने त्यो कुकुरलाई किनेर लग्ने मान्छेले पनि सुनेछ । चारैतिर हेर्दै हतार हतार गर्दै उनी घर फर्के । घर पुग्नासाथ हात्तीसारमा किनेर ल्याएको त्यो कुकुरको डोरी फुकालिदिए । आदताद हुनासाथ त्यो कुकुर बेतोडसंग दौडे राजाको हात्तीसारतिर ।

हात्तीसारमा कुकुर पस्नासाथ सैनिकहरू खुशी भए । चहलपहलता बढ्यो । राजा र मन्त्री पनि आइपुगे । कुकुर दौडेर गई सिधै मंगल हात्ती भएको कोठामा पसेको थियो, त्यसैले सबै त्यहीं गए । सबैले देखे - हात्तीको सुँडमा झुण्डेर कुकुरले पिंग खेलिराखेको !

★ ★ ★

**यो कथा भगवान् बुद्धले एक बूढो भिक्षु र एक उपासक मित्रतालाई लिएर भन्नुभएको थियो । यसमा बुद्धिमान हुने स्वयं बोधिसत्व थिए । ■**

## संस्कार म्ये

*✏ बुद्धरत्न शाक्य 'क'*

हृदय दुःखं जाया च्वन ।
लुमना शास्ता वया च्वन ।
मचाय्क म्हुतुं पिज्वया च्वन ।
बुद्धं सरणं गच्छामि !

शरिर कष्टं कया च्वन ।
लुमना अनित्य वया च्वन ।
मचायक नुगलं पिज्वया च्वन ।
धम्मं सरणं गच्छामि !

बियोग सकसितं जुया च्वन ।
मृत्युं जीवन यंका च्वन ।
मचायक हृदयं पिज्वया च्वन ।
संघं सरणं गच्छामि !

## "आत्मसात गरी देउ"

*✏ राजु श्रेष्ठ*
जनपथ टोल, धरान- ११

उसले - कसैलाई
कसैले - उसलाई
हत्या गर्दा, कसलाई फाईदा ।
उसको धर्म
अर्काको धर्म
धर्म- धर्ममा किन झगडा ॥
मेरो ठूलो
उसको सानो
सानो- ठूलोमा किन भिन्नता ॥।
जन्म -मरण
रित यस्तै
तर पनि मन किन अशान्त ॥॥
ईर्ष्या - लोभ त्यागी देउ
बुद्धको उपदेश आत्मसात गरी देउ ॥

# क्षान्ति र मैत्री-५

*- भिक्षु अश्वघोषद्वारा लिखित वीर्यवतीबाट अनुदित*

जनवादी गणतन्त्र चीन आज उच्चकोटी रुपमा माथि पुगी उन्नति हुन सकेको कारण नै चीनी जनतासंग सहन शक्ति भएकोले हो । मुक्ति पछि चीनियाँहरूले दस पन्ध्रवर्षसम्म सुख दु:ख सहे । एक छाक मात्र खाएर पनि भूत्रो नराम्रो लुगा लगाएर घाम पानी नभनी दु:ख सहेर आज मुक्ति प्राप्त गरी ४० वर्ष भएपछि आत्मनिर्भर मात्र होइन विदेशलाई समेत सहयोग गर्न सक्षम भयो । भयानक रूपले भुइँचालो गई देशको धनजन क्षति भएपनि विदेशले दिने भनेको सहयोग पनि नलिई आफ्नो धन र जनताको श्रमले देशको पुन: निर्माण गर्न सक्षम हुन सक्नु नै चीनी जनताको सहनशीलताको कारणले हो । तर चीनीया जनताको यो सहनशीलतालाई दुष्ट जेठी आमा र सौतेनी आमाको छाँयामा हुर्कन बाध्य परेको छोराछोरीले सहने सहनशीलतासंग दाँज्नु गलत हुनेछ ।

सन् १९५६ र १९६०-६१ सालतिर चीनको हाईस्कूलमा अध्ययनरत रहेका विद्यार्थीहरू पन्ध्र टुक्रा टालीराखेको लुगा लगाई जीवन बिताइरहेको दृश्यलाई यस पंक्तिका लेखक स्वयंले हेरेर आएको थिएँ । कपडा एक टुक्रा, कागज एक टुक्रा पनि फाल्ने गर्दैनथे उनीहरू । क्वाँटी मात्र खाई, सक्खर एक टुक्रा मुखमा हाल्दै डल्लो रोटी टोकेर भएपनि परिश्रम गर्दै किसान र मजदूरहरूले जीवन बिताइरहेका थिए त्यहाँ । विद्यार्थीवर्ग र साधारण जनताले पनि आफ्नो तनमनले दु:ख सहेर नै चीनलाई माथि पुऱ्याई छाडे । यी सबै सहनशीलताको फल हो अन्य कारणले होइन । आत्मसंयमले र अनुशासन शीलताको बलले चीन उन्नति र आत्मनिर्भर हुन सकेको हो ।

माफ गर्नुस मैले त चीनको उदाहरण प्रस्तुत गर्न पुगेछु । यस राजनैतिक कुरालाई सम्झंदै पाठकवर्गले चित्त दुखाउनु पर्ने छैन । हाम्रो देश नेपाललाई उँभो लगाउनको लागि पनि हामी सबैसंग यस्तै सहनशीलताको आवश्यकता रहेको छ । एक वर्गसंग मात्र होइन सबैसंग आवश्यक भइरहेको छ ।

भगवान बुद्धले सहनु कहाँसम्मको ठीक हो भन्ने विषयमा जुन कुरो भन्नु भएको छ, त्यसलाई फेरि एकपटक अगाडी सारौं - **"कथञ्च भिक्खवे भिक्खु खन्ता होति ? इध-भिक्खवे भिक्खु खमो होति सीतस्स, उन्हस्स, जिघच्छाय, पिपासाय, डंस मकस वाता तप सिरिंसप सम्फस्सानं दुरुत्तानं दुरागतानं वचन पथानं, उप्पन्नानं सारीरिकानं वेदनानं, दुक्खानं, तिप्पानं खरानं कटुकानं असातानं अमनापानं पाणहरानं अधिवासना जातिको होति, एवं खो भिक्खवे भिक्खु खन्ता होति ।"**

यहाँ बुद्धले कस्तो व्यक्तिलाई सहनशीलता भएको व्यक्ति भनिन्छ भन्ने विषयमा व्याख्या गर्नु भएको छ । जसले जाडो, गर्मी, भोक, प्यास, झिंगा लामखुट्टेले दिने दु:ख पीडा, घाम र हावा, झरी (वर्षा), सर्प टोकाईको भय, नचाहिंदो कुरा सुन्नपर्ने, शरीरमा हुने विभिन्न किसिमका दु:ख वेदनाहरू आदि सहन सकेमा त्यो व्यक्ति सहनशीलता भएको व्यक्ति ठहरिनेछ ।

यहाँ भगवान बुद्धले सिकाउनु भएको शिक्षा बुझ्नको लागि भियतनामीहरूले आफ्नो राष्ट्र मुक्तिको लागि स्वतन्त्रता रक्षा गर्नको लागि २२ वर्षसम्म दु:ख सहेको घटना सबैले थाहा नपाएको होइन । भोकै बसेर चीसो, जाडो नभनीकन, जंगलमा सर्प, लामखुट्टे आदि कीराहरूले दु:ख दिन्छ नभनी, नाना प्रकारका शारीरिक कष्टलाई पनि सहेर निराश नबनी देशको स्वतन्त्रतालाई बचाएरै छोडे ।

आनन्दकुटीमा एकजना अमेरिकन आए । बुद्ध धर्म विषयमा छलफल भयो । उसले भन्यो - बुद्ध धर्मको प्रमुख गुण नै सहनुपर्ने होइन ?,

हो भनेर जवाफ दिएँ ।

अनि त्यस अंग्रेजीले भन्यो - भियतनामीहरू पनि बौद्ध नै होइनन् र ? हो भन्ने वित्तिकै उसले फेरि भन्यो - तिनीहरूले त सहँदैनन् नि । अमेरिकनहरूलाई त देख्नै हुँदैन सहँदै सहँदैन -

मैले जवाफ दिएँ । बुद्ध धर्ममा सहनु नै ठूलो गुण हो । तिमीहरूले हेर्दा उनीहरूले सहेको छैन जस्तो छ । अर्को तर्फबाट हेर्ने हो भने तिनीहरूले धेरै नै सहिरहेका छन् । अरुले अन्याय गर्दै आफ्नो देशलाई हमला गर्न आएको बेला पनि सहेर बस्नु भनी बुद्धले कहिले पनि भन्नु भएको छैन ।

बुद्धले भन्नुभएको छ - "सङ्गामे मे मतं सेय्यो यञ्चे जीवे पराजितो" पराजय भई बाँचिरहनु भन्दा संग्राम अर्थात लडाइँमा गई लडेर मर्नु नै उत्तम । यस वचनले प्रष्ट गर्दछ, बुद्ध शिक्षा अनुसार अन्याय र विरोधलाई सहनु पनि पाप नै हो । बुद्धले भन्नुभएको छ, **"सब्बं पर वसं दुक्खं"** अर्थात दु:ख मध्ये ठूलो दु:ख पराधीन भएर बस्नु हो । व्यक्तिगत जीवनमा सहनु त



Downloaded from http://www.dhamma.digital

महान गुण हो । तर देश रक्षा गर्ने र स्वतन्त्रता बचाई राख्ने विषयमा सहने अर्कै कुरो । त्यस युरोपियन यात्री केही बेर भुलेर बसिरह्यो । उसले के बुझे मैले थाहा पाइन । आफ्नो राष्ट्र र जीवन उन्नति र विकास गर्नको लागि कोशिस गर्नु पर्छ, उत्साह गर्नुपर्छ भन्नु नै सहनुपर्छ भनेको हो । निष्क्रिय भई चुपचाप सहेर बस्नु पर्छ भनेको होइन ।

## परीक्षा गर्नेबेला सहनुपर्ने कुरो

बुद्धकालीन घटना हो । एकजना साहुनी रहेछ । जहिले पनि भगवान बुद्ध समक्ष गई धर्म उपदेश सुन्न जाँदो रहेछ उनी । (त्यस महिला संग) ठूलोपना (घमण्डीपन) पनि रहेनछ । टोलमा बस्ने सबै व्यक्तिले त्यस साहुनीलाई एकदम धर्मात्मा साहुनीको रुपमा चिनिरहेको रहेछ । त्यस साहुनीको घरमा एक दासी पनि रहेछ । त्यस तालिम प्राप्त दाशीले कुशल रुपमा आफ्नो कर्तव्य निभाइरहेकी थिइन् । उनी बाहिर (पँधेरोमा) पानी लिन जाँदा अरुहरूले उनीलाई यसरी भन्दो रहेछ - तिमी त भाग्यमानी रहिछौ । खूब धर्मात्मा साहुनीकहाँ काम गर्न पाइरहेकी छौ । तिमीलाई त केही दु:ख हुँदैन ।

एकदिन दासीको मनमा एक कुरो खेल्यो - "मेरी साहुनीलाई सबैले धर्मात्मा भन्दै प्रशंसा गर्छन् । उनी साँच्चिकै धर्मात्मा हुन् वा धर्मात्मा कहलाउनको लागि बहाना मात्र गरिरहेकी हुन् एकपटक परीक्षा गरेर हेर्नुपर्‍यो ।"

(यस्तो योजना बनाएकी) दासीले त्यस दिन देखि आफ्नो कर्तव्य निभाउने कार्यमा शिथिलता ल्याउन थालिन् । बिहान सबेरै उठेर काम गर्न छाड्नि । यो देखेर साहुनीले भनिन् - तिमी किन चाँडै नउठेकी ? दासीले उत्तर दिइन् "काम त्यति छैन त्यसैले अलि अबेरसम्म सुतिरहेकी ।" तीन दिनसम्म यसरी नै बित्यो । एकदिन आधा दिनसम्म पनि सुतिरहिन् ती दासी । साहुनी झोकिएर कराउन थाली - तँ यति अबेलासम्म पनि सुतिरहिस् हैन लुच्चा ? भन्दै डाडुले टाउकोमा नै हानिदिइ । फलस्वरूप टाउको फुट्यो त्यस दासीको । रगत बग्न थाल्यो । (यही मौका पारी) त्यस दासी घर बाहिर निस्केर (सडकमा आई) कराउन थाली- मेरी धर्मात्मा साहुनीको स्वभाव हेर्नु, मेरो टाउको नै फुट्ने गरी डाडुले पिटिन् ।

यस घटना धेरैजसोलाई चित्त नबुझ्न पनि सक्छ । किनभने दासीले त जानाजानी नै काम नगरी साहुनीलाई दु:ख दिई, आफ्नो कर्तव्य पूरा नगरी मिचाहा बनेकी हुनाले त्यस दासीले आफ्नै कर्मले पिटाई खान परेको हो ।

तर यहाँ बुझ्नु पर्ने कुरो यो होइन । ती दासी त परिक्षा दिनको लागि जानाजानी लुच्चा बनेकी हुन् । साहुनीलाई अरुअरुले धर्मात्माको रुपमा चिनिरहेका थिए । धर्मात्मासंग कतिको सहनशीलता रहेछ भनी जाँचेर हेरेको भयो । साँच्चिकै त्यस साहुनीले दासीलाई डाडुले नपिटी उनको बानी सुधार्न र राम्ररी काम गर्नको लागि चेतावनी मात्र दिई सहन सकेको भए त्यस दासीको मन परिवर्तन हुन सक्थ्यो । डाडुले हिर्काएर साहुनीले साहुनीको स्वभाव मात्र देखाएकाले नै यो धर्मात्मा स्वभाव भएन । त्यसैले दासीको हृदय परिवर्तन भएन ।

## सम्राट अशोकको सहनशीलता

अशोक राजकुमारको दाजुभाईहरू थुप्रै थिए । भाईहरूभन्दा पनि दाजुहरू नै धेरै थिए । बिन्दुसारलाई अशोक राजकुमार त्यति मन पर्दैनथ्यो । तर राज्यकार्यमा अशोक जति चलाक र बुद्धीमान राजकुमार अरू थिएन । मन्त्रीहरूको भने अशोकलाई नै राज्य चलाउन दिने इच्छा थियो । तर बिन्दुसार महाराजाको भने आफ्ना जेठो छोरालाई राज्य सुम्पिदिने र उत्तराधिकारी बनाउने इच्छा थियो । मन्त्रीहरूले अशोकलाई राज्य चलाउन दिनको लागि योजना बनाइरहेका थिए । यस अघि अशोक राज्य चलाउन योग्य छ वा छैन परीक्षा लिने विचार गरिरहे ।

एकदिन मञ्च बनाई त्यस मञ्च सजाएर सबै राजकुमारहरूलाई भोज खुवाउने आयोजना गरियो । सबैलाई सुनको थालमा खाना राखी खुवाइयो तर अशोक राजकुमारलाई भने त्यही समूहमा माटोको थालमा राखी खाना खुवाइयो । (यो दृश्य देखेर) अरू राजकुमारहरूले गिजाइरह्यो । अशोकलाई शुरूमा त रीस उठेको थियो । तर उसले तुरून्त होस सम्हाल्यो । उसले सोच्यो– 'यो भोज मेरो परीक्षा गर्नका लागि आयोजना गरिएको हो । रिसाउनु हुँदैन । रिसायो भने राज्य पाउँदैन । आज सहन सकेमा जाँचमा पास हुनेछ भन्ने विचार गरी केही थाहा नपाएको व्यक्ति जस्तै चुपचाप सहेर भोज खायो । यो परीक्षा पछि मन्त्रीहरूले अशोकलाई नै राज्यको उत्तराधिकारी बनाउने निर्णय गरे ।

यस्तो परिस्थितिमा साधारण बुद्धि भएका मानिसहरू रिसाउन सक्छन् । किनभने अशोकको लागि यो एक ठूलो अपमान हो । तर यहाँ अवस्था अर्कै पर्‍यो । यहाँ तीतो औषधि खाई रोग निको पार्नुपर्ने अवस्था आइपर्‍यो । त्यसैले ठाउँ हेरी सहन सकेमा मात्र

महापुरुष गतिलाई प्राप्त गर्न सकिनेछ । जीवन सफल हुनेछ ।

## स्वामी दादूको सहनशीलता

भारतको एक घटना । भक्त दादू स्वामी शहर बाहिर एक जंगलमा रहँदै आएको थियो । राम्ररी गीत गाई धर्म प्रचार गर्ने साधु रहेछ उहाँ । त्यसैले सबै ठाउँमा भक्त दादूको नाम प्रचार भइरह्‌यो । कोही उपासकहरू आएमा भक्ति उपदेश दिनुहुन्थ्यो । त्यसैले उहाँलाई धेरै व्यक्तिले मन पराउँदथे ।

शहरका एकजना जिल्लाधीशको धर्ममा अलि श्रद्धा जागेको रहेछ । भक्तिपूर्ण गीत सुन्ने इच्छा रहेछ उसको । दादू स्वामीको बयान सुनी उहाँलाई भेट्ने इच्छा गरी उ घोडा चढी हिंडेछ । स्वामीको दर्शन गरी भक्ति अमृत लिने उसको चाहना रहेछ । तर भक्ति इच्छा भएको व्यक्ति भएपनि उहाँ एक जिल्लाधिश पऱ्यो । सरासर शहरबाट बाहिर जंगलमा पुग्यो । टाढा पुगिसक्यो । तर कोही पनि भेट्टिएन । उसले जंगलमा एकजना मानिस देखे । त्यस व्यक्तिले बाटोमा निस्किरहेका काँढा काटिरहेको थियो । जिल्लाधिशले खूब ठूलो मान्छे बन्दै सोधे– ए ! तिमीलाई थाहा छ ? महात्मा दादू कहाँ रहने गर्छ ?

त्यो व्यक्ति आफ्नो काममा लागिरह्‌यो । केही भनेन । जिल्लाधिशलाई रीस उठेछ । उसले गाली गर्दै भन्यो– म तिम्रो बुबाको नोकर होइन । छिटो भन ।

काँढा काटिरहेको व्यक्तिले जिल्लाधिशको कुरो सुनेछ र आश्चर्य मान्दै जिल्लाधिशतर्फ एकपटक हेरी मुसुक्क हाँस्यो । जिल्लाधिशले सोचेछ, "यो व्यक्तिले मलाई गिज्याइरहेको छ ।" यति विचार गर्दै त्यस जिल्लाधिशले घोडालाई कुट्ने कोर्दाले त्यस व्यक्तिलाई खूब कुट्यो । त्यस व्यक्तिले चुपचाप कोर्दाको कुटाई खाई सहिरह्‌यो । तैपनि उ हाँसि नै रह्‌यो । जिल्लाधिशले उसलाई घचेडेर पछारीदियो । फलस्वरूप उसको टाउको ढुंगामा ठोकियो । अनि टाउको फुटी रगत बग्यो । जिल्लाधिश घोडा चढी अगाडि बढ्यो । अलि पर पुगेपछि अर्को एक व्यक्ति भेट्यो जुन व्यक्ति त्यहिंबाट गइरहेको थियो । जिल्लाधिशले त्यस व्यक्तिलाई सोध्यो– "दादू महाराजलाई कहाँ भेट्न सकिन्छ ? तिमीलाई थाहा छ ?"

त्यस व्यक्तिले भन्यो– "दादू महात्मा त यही बाटोमा बसिरहेको हो नि ! मैले भर्खर देखेको । उहाँले बाटोमा काँढाको झार फाडिरहनु भएको थियो । के तपाईंले देख्नु भएन ?

जिल्लाधिशले आश्यर्च मान्दै भन्यो– "त्यही हो दादू ?"

त्यस व्यक्तिले भने– "त्यही त हो नि दादू स्वामी" जिल्लाधीश घोडा चढी तुरन्तै फर्केर गए । दादू महात्माको टाउकोमा पट्टी लगाइसकेको रहेछ । उहाँले फेरि काँढा काटिरहनु भएको रहेछ । जिल्लाधिश छिटो घोडाबाट तल ओर्लिएर दादूको पाउ पऱ्यो । उसले रोएर भन्यो– "मैले क्षमा माग्दैछु महात्मा जी ! मबाट ठूलो गल्ति हुनपुग्यो । मैले त तपाइँलाई नै खोजिरहेको थिएँ । मेरो मगजमा गोबरले भरिएको रहेछ । त्यसैले मैले तपाइँलाई नै कुट्न पुगें । मलाई यो पनि थाहा थिएन कि तपाइँ नै दादू स्वामी हुनुहुन्छ भनेर । तपाइँले त बाटो सफा गरिराख्नु भएको थियो ।

दादूले मुसुमुसु हाँस्दै भन्नुभयो– "म त बाटो सफा गरिरहने व्यक्ति त हुँ नि । ज्ञान दर्शनतर्फ लाग्ने बाटो त सरासर सीधा छ । यो बाटोमा जब काम, क्रोध, लोभ, मोह र अहंकारका काँढे झार बढ्दै आउँछ, तब मानिसहरूलाई त्यस बाटोमा जान गाऱ्हो हुनेछ । धेरै काँढा उम्रियो भने बाटो नै ढाकिन्छ । यो पऱ्यो आध्यात्मिक संसारको कुरो, त्यो पऱ्यो भौतिक संसारको । यो बाटोमा थुप्रै काँढे झारहरू छन् । अहिले मैले यही बाटो सफा गरिरहेको छु, जसले गर्दा बाटोमा हिंड्ने यात्रीहरूलाई कष्ट हुने छैन ।

जिल्लाधिशले खूब अपशोच प्रकट गर्दै भने– तर मैले तपाईसंग सोधेको बेला तपाइँले म दादू हुँ भनी भन्नु भएन नि ? मलाई अब क्षमा गरिदिनुस् । मेरो तर्फबाट ठूलो पापकर्म हुन पुग्यो ।

दादू भगत खूब हाँस्दै भन्नुहुन्छ– "तपाइँले त केही पनि गर्नु भएको छैन । कसैले माटोको गाग्री किन्ने बेला पहिला आफ्नो हातले त्यस गाग्री बजाएर हेर्ने गर्छ (ठीक छ छैन भनेर) तपाइँ पनि जीवन मार्ग देखाइदिने गुरुलाई खोज्दै हिंड्नु भएको एक व्यक्ति हुनुहुन्छ । गुरु ठीक छ वा छैन भनेर बजाएर हेर्दैमा के फरक पऱ्यो र ?

यही हो सहनशीलता । यही हो गुरुको गुण । तर यसको अर्थ यो होइन कि कसैलाई गुरु भज्नु अगाडि कुटेरै परीक्षा गर्नुपर्दो रहेछ । त्यसो होइन । भनाईको मतलब यो हो, गुरुसंग हेलमेल हुँदा उहाँ नचाहिंदो कुरामा पनि रिसाउनु हुन्छ कि हुँदैन, त्यो हेर्नु पऱ्यो । यदि बिना कारणले रिसाउँदैन भने त्यो व्यक्ति ठीक छ । त्यसलाई गुरु भजे पनि केही फरक पर्दैन । तर होश राखी, राम्ररी विचार पुऱ्याएर मात्र गुरु भज्न जान्नु पर्छ ।

*(आनन्द स्वामीको बोधकथाएँ)*

*क्रमश:*



Downloaded from http://www.dhamma.digital

# दुई दाम्पत्य जीवन बिचको विश्वास र समझदारीको महत्त्व

✎ *नानीशोभा मानन्धर*, टेकु, पचली

दाम्पत्य जीवन दरीलो प्रेरणा र श्रद्धाको मुहान होस्, मुस्कान होस्, सुबास होस्, भन्ने चाहना सबैमा हुन्छ । दम्पतीको सुख दुःख एक अर्कासंग गाँसिएको हुन्छ । एउटाको प्रगती र अवनति अर्काको प्रगति र अवनति हुन्छ । एउटाको रहर, आवश्यकता, इच्छा र आकांक्षा अर्काको निम्ति परिपूरक भएर रहेको हुन्छ । त्यसैले एकले अर्काको अस्मिता खुशी इच्छा र आकांक्षाको अनादर गर्नुहुँदैन । माया, स्नेह, विश्वास, सद्व्यवहार, धैर्यता, सहनशीलता, प्रेरणा आदि जस्ता आधारभूत कुराहरूले दाम्पत्य जीवनको रथ हाँक्न सकिएन भने त्यसमा दुखद घडीहरू जन्मिन्छन् । जिन्दगीमा पीडा र छट्पटीहरूको साम्राज्य हुन्छ ।

सुखद दाम्पत्य जीवनको लागि सबभन्दा पहिला त पति पत्नी मानसिक, शारीरिक, बौद्धिक र शैक्षिकरूपमा सक्षम हुनु नितान्त आवश्यक छ। आत्मनिर्भर बन्नु भविष्यका मार्गहरू तय गर्नु, विचार र सिद्धान्तलाई एक अर्कामा एकरूपता दिनु पनि त्यतिकै आवश्यकता हुन्छ। उमेर, रुचि, योग्यता, बौद्धिकता, क्षमता र स्वभाव जस्ता कुराहरू दुईमा स्वभावतः समान नहुन सक्छन् । अतः एकले अर्काको रुचि, स्वभाव, मौलिकता, प्रतिभा, चाहना र भावनाको कदर गर्नु, व्यक्तित्वको सिर्जना सम्मान गर्नु, एकले अर्काको आवश्यकता, महत्व र अस्तित्वको बोध गर्नु, एक आपसमा समझदारी र स्नेहपूर्वक विचार राखी परामर्श, सरसल्लाह गरी निर्णयमा पुग्नु, एकले अर्काको कुरा, प्रस्ताव धैर्यतापूर्वक सुन्नु आदि जस्ता कुराहरू दाम्पत्य जीवनको दीर्घायुका लागि अत्यन्तै आवश्यक मानिएका छन् ।

सुखद दाम्पत्य जीवनका लागि दम्पतीबीच समायोजना अपरिहार्य कुरा हो । पुरुषले 'आइमाई त हुन्' भनेर होच्याउने, उनीहरूको भावनाको कदर नगर्ने र दाम्पत्य जीवन चलाउन कुनै योगदान दिन नसक्ने रुपमा आँक्ने तथा परिवार बाहिरको जिम्मेवारी पुरुषको मात्र हो भन्ने र महिलालाई भात पकाउने, बच्चाबच्ची स्याहार्ने सम्पूर्ण परिवारको सेवा गर्ने जस्तो रुपमा मात्र हेर्ने मानसिकतामा सुधारा ल्याउनै पर्छ । यसबाट परिवारमा उत्साह र स्नेह बढ्छ, रचनात्मक उर्जा पैदा हुन्छ ।

विभिन्न क्षेत्रमा अग्रसर र आफ्नो पहिचान बनाउन सक्षम भइसकेका आजका महिलाहरूले पनि विवाहपश्चात पतिलाई भगवान सम्झने, सम्पूर्ण परिवारको सेवा सुश्रुषा बुहारीले नै गर्नुपर्छ भन्ने घरको जस्तोसुकै कामकाज र परिस्थितिमा आफूले उचित सल्लाह दिन सकिन्छ भन्ने थाहा हुँदाहुँदै पनि बोल्न हुदैन भनेर चुप लागि बस्ने जस्तो कमजोर मनस्थितिलाई त्यागेर पुरुषलाई आफ्नो सच्चा मित्र सम्झेर, समान दायित्व बुझेर आफ्ना उचित सुझाव र विचारहरू राख्न पहल गर्नुपर्छ र परिवारमा भएका पुरुष सडेगलेका संस्कारहरूमा आफूलाई हराइदिनुभन्दा आफूले लिएको उचित शिक्षाको आधारमा त्यस्ता कुसँस्कारहरूलाई हताएर नवीन संस्कारको विकास गरी शिक्षित परिवार बनाउने साहस गर्नुपर्छ ।

साथी गलत बाटोमा त गइरहेको छैन ? भनेर सुधार्नको लागि शंका पनि गर्नुपर्छ । बिगार्नको लागि होइन । दृढ विश्वास संजीवनी हो जसविना उद्देश्यको सवारी चल्न सक्दैन । आलोचना र आत्मालोचनाले गल्तीहरू दोहोऱ्याउन दिदैन र आत्मविश्वासमा थप शक्ति प्राप्त हुन्छ। प्रेम माया, स्नेह त दाम्पत्य जीवनलाई ज्यूँदो राख्ने प्राण हो। ढुकढुकी हो। यो विना जति धन सम्पत्ती, सम्पन्नता वैभव र आदर्शता भए पनि जीवन्ता हुँदैन । मेरो विचारमा पति पत्नी उद्देश्यमूलक र जीवनसुखी चिन्तनधाराले सुसज्जित हुन सकेनन् र मानवताको मूल्य मान्यता शाश्वतता र सौन्दर्य बुझेनन् भने मानव जीवन संकीर्णताको चौघेराभित्र नै अल्झिरहने छ ।

"भवतु सब्ब मंगल' ।

## फेला पारेको सुनको सिक्री बुझाउने विद्यार्थी पुरस्कृत

स्याङ्जा, बैशाख २३ । हराएको सामान विद्यालयमा बुझाई सराहनीय काम गर्ने वालिङका एक विद्यार्थी पुरस्कृत भएका छन् ।

उच्च माध्यमिक शिक्षा परिषद्‌द्वारा सञ्चालन भइरहेको कक्षा १२ को परीक्षा दिइरहेकी नेपाल आदर्श उमावि वालिङकी छात्रा पुष्पा थापाको परीक्षा केन्द्र पुर्णामृत भवानी उमावि वालिङमा हराएको करिब डेढ तोला सुनको सिक्री सोही विद्यालयका कक्षा ९ मा पढ्ने छात्र हिमाल पंगेनीले प्राप्त गरी विद्यालयमा बुझाएको कुरा शिक्षक मुक्ति रेग्मीले बताए ।

विद्यालयमा हराएको सामान भेट्टाएर विद्यालयमा बुझाएका पंगेनीलाई सिक्री हराउने थापाले भित्तेघडी, कापी, कलमसहित पुरसकार प्रदान गरी सम्मान गरेर सो सामान बुझिलिएको कुरा पू.भ. उमावि वालिङले जनाएको छ । *(साभार: हिमालय टाइम्स)*

# धम्मपद - १३८

✍ रीना तुलाधर

**उत्तिट्ठे नप्पमज्जेय्य - धम्मं सुचरित्तं चरे ।**
**धम्मचारी सुखं सेति - अस्मिं लोके परम्हि च ।**

**अर्थ-** जाग, अलसी नहुनु, राम्ररी धर्माचरण गर राम्ररी धर्माचरण गर्ने व्यक्ति यस लोकमा र परलोकमा पनि सुखपूर्वक बाँच्छन् ।

**धम्मं चरे सुचरितं - न तं दुच्चरितं चरे ।**
**धम्मचारी सुखं सेति - अस्मिं लोके परम्हिच ।**

**अर्थ-** असल धर्मको आचरण गर, दुराचारीपूर्वक आचरण नगर । धर्माचरण गर्ने व्यक्ति यस लोक र परलोक दुबै ठाउँमा सुखपूर्वक बाँच्छन् ।

**घटना-** उपरोक्त गाथाहरू भगवान बुद्धले कपिलवस्तु, निग्रोधाराममा आफ्नै पिता शुद्धोदन महाराजको कारणमा भन्नुभएको थियो ।

भगवान बुद्धले गृह त्याग गरेर गएपछि प्रथम पल्ट आफ्नो जन्मिएको ठाउँ कपिलवस्तु भ्रमण गर्नुभयो । आफ्नो देशमा पुगेपछि भगवान बुद्धलाई नाताकुटुम्बहरूले भारी स्वागत गरे । शुद्धोदन महाराजले आफ्ना छोराको (बुद्धको) लागि बनाइदिएको निग्रोधाराम विहारमा भगवान बुद्ध बस्नु भयो । त्यहाँ भगवान बुद्धले आफ्ना नाता कुटुम्बहरूलाई बोध गर्न उपदेश दिनुभयो । बुद्धको उपदेश सुनेर प्रभावित भई शुद्धोदन महाराजाले भगवान बुद्धलाई वन्दना गरे । स्वयं महाराजाले आफ्ना पुत्र समक्ष वन्दना गरेको देखेपछि त्यहाँ जम्मा भएका बुद्धका नाताकुटुम्बहरूको लावालश्कर सबैले भगवान बुद्धलाई वन्दना गरे ।

धर्मदेशना सकिएपछि सबै आ-आफ्नो घरतिर लागे । कसैले पनि भगवान बुद्धलाई भोलिपल्टको भोजनको लागि निमन्त्रणा दिन सम्झेन । शुद्धोदन महाराजाले "मेरा छोरा मेरै दरबारमा आएर त भोजन गर्नु होला नि । आफ्नै दरबारमा नआएर कहाँ जानु होला र" भनी ठानी मुखले निमन्त्रणाको शब्द केही नबोली दरबारतिर फर्के ।

भोलिपल्ट शुद्धोदन महाराजाले आफ्नो दरबारमा भगवान बुद्ध सहित हजारौं भिक्षु संघलाई भोजनको प्रबन्ध मिलाएर, बसेर खान आसन पनि मिलाए । भगवान बुद्धले त्यस दिन भोजन खानको निम्ति विचार गर्नुभयो - के आज मैले निमन्त्रणा नदिइएको ठाउँमा गएर भोजन खान जान उचित होला ? मभन्दा पहिले भएर जानु भएका पूर्व तथागत भगवान बुद्धहरूले के गर्नु भयो । सिधै आफ्नो दरबारमा खान गए वा शहरमा भिक्षा माग्न गए भनीकन अतीतको कुरा स्मरण गर्नुभयो । पूर्व बुद्धहरूले शहरमा भिक्षा मागेरै भोजन ग्रहण गर्नु भएको स्मरण गरे पनि भगवान बुद्ध भिक्षु संघलाई साथमा लिएर कपिलवस्तु नगरमा भिक्षाटनको लागि जानुभयो ।

भगवान बुद्धले यसरी घर घरमा गएर भिक्षा मागीरहेको समाचार शुद्धोदन महाराजाले थाहा पाए । यो खबर सुन्नेबित्तिकै शुद्धोदन महाराजाको मनमा ठूलो चोट पऱ्यो । आत्तिएर उनी आफ्नो वस्त्रसम्म ढंगले नमिलाईकन दौडेर भगवान बुद्धकहाँसम्म आईपुगे । भगवान बुद्धसँग उनले दु:ख पोख्दै बिन्ति गरे- 'हे पुत्र तपाईले मलाई किन यसरी चोट पाऱ्यौ ? तपाइँ यसरी आफ्नै नगरमा घर घरमा गएर भिक्षा मागीरहेको देख्नु पर्दा म लाजशरमले चूर चूर भएँ । तपाइँ यही शहरमा सुनको बग्गीमा बसेर घुम्नु हुन्थ्यो । किन मलाई यसरी लज्जित पार्नु भयो ?" भगवान बुद्धले आज्ञा हुनुभयो- "मैले तपाइँलाई कुनै प्रकारले लज्जित पारेको छैन । मैले केवल आफ्नो वंश परंपरा अनुसार काम गरेको छु ।" यो सुनी शुद्धोदन महाराजाले तुरुन्तै जवाफ दिए- "के कुरा गरेको छोरा ? के हाम्रो वंश परंपरा घर घरमा गएर भिक्षा माग्ने हो ?" भगवान बुद्धले प्रत्युत्तर दिनुभयो -" महाराज ! तपाईको वंश परंपरा त यसरी मागी खाने होइन । तर अब म राजवंशको होइन । बुद्धवंशको भईसकें । मभन्दा पहिलेका कैयन् बुद्धहरूले पनि भिक्षाटन गरेरै जीविका गरेका थिए । यही बुद्धवंशको परम्परा हो ।" भगवान बुद्धले यस्तो आज्ञा भएर उपरोक्त गाथाहरू भन्नुभयो । त्यही बखत शुद्धोदन महाराजा श्रोतापत्ति मार्गफलमा प्रतिष्ठित भए ।

## दलितलाई भान्छे (मान्छे) बनाई वनभोज

नुवाकोट २५ बैशाख- समाजमा विद्यमान जातभातको भेदभावपूर्ण रीतिरिवाजलाई अन्त्य गर्ने उद्देश्यले भानुभक्त पुस्तकालय ढिकुरे नुवाकोटको आयोजनामा दलितवर्गका व्यक्तिलाई भान्छे बनाई वनभोज कार्यक्रमको आयोजना गरियो ।

खानिगाउँ विकासको सिम्पानीमा आयोजित कार्यक्रममा स्थानीय सामाजिक कार्यक्रममा स्थानीय सामाजिक संघ-संस्थाका प्रतिनिधिले एक्काइसौं शताब्दीको युगमा कुनै व्यक्तिलाई पनि जातीय भेदभावबाट हेर्न नहुने र यसलाई अन्त्य गर्न सामाजिक संघ-संस्थाले नै विशेष कार्यक्रम सञ्चालन गर्न जोड दिएका थिए । दलित जातिलाई नै भान्छे बनाई आयोजना गरिएको उक्त वनभोजमा माथिल्लो जातका करिब एक सय जनाको सहभागिता रहेको भानुभक्त-पुस्तकालय ढिकुनेका अध्यक्ष बद्रीप्रसाद ढकालले बताउनुभयो । *(साभार : कान्तिपुर दैनिक)*



Downloaded from http://www.dhamma.digital

# विनाशपथ-क्रोध

✎ संग्रहित

आज त्यो राजा बडो थातबाटका साथ आफ्नी प्रिय महारानी कहाँ प्रस्थान गरे । किन्तु रानी भर्खर ७-८ महिना मात्र भएको आफ्नो पुत्रलाई खानपिन गराउँदै पुत्र स्नेहमा मुग्ध भइराखेकी थिइन । जसकारण राजा कतिबेरसम्म ठिङ्ग उभिरहे तापनि उतातिर महारानीको होश जानै सकेन ।

महारानीले किञ्चित वास्ता नगरिंदा प्रतापि महाराजा कहलाएका उक्त राजा अति क्रोधित भई सुटुक्क पुनरागमन भए । राजा बिचारको तरंगमा तरंगित हुँदै थिए- "अहिले नै बच्चाको कारणले मलाई रानीले वास्ता गर्न छोडिसक्यो । यो राजकुमार जवान भए पश्चात झन के मात्र नगर्ला ?" राजा हडबडायो- "तब गर्ने नै के ?" ऊ पुन: बिचारमा मग्न भए । अन्तत: उसले दिगो निर्णय लिए- "म यो कुमारलाई नै मारिदिन्छु ।"

राजसिंहासनमा बिराजमान भएर तत्कालै राजाले घाटक व्यक्तिलाई बोलावट भयो । घातकको उपस्थिति पश्चात रानीको शयनागारबाट उक्त नाबालक कुमारलाई ल्याउने आज्ञा भयो, घातकले त्यस्तै गऱ्यो । रानी पनि अति नै भयभित एवं शोकाकूलित हुँदै कुमार पछि-पछि नै देखा परिन् । राजाले कुमारलाई अचानोमा लम्पसार पार्ने आज्ञा भए- उस्तै भयो । तत्पश्चात दुइटै हात काट्ने आज्ञा भए । रानीले अपूर्व शोक प्रदर्शित गर्दै आफ्नै दोष तथा आफैं अपराधी भन्दै आफ्नै हात काट्न लगाउन तम्सिरहिन् । रानी जतिसुकै रोए पनि, शोक गरेपनि रिसालु राजाको कानमा प्रवेश पाउन सकेन । घातकले बिस्तारै राजालाई हेर्दै "के गरुँ महाराज ?" भन्दै सोध्यो । "ल, ल ! बिस्तार नगर, कुमारको हात काटिहाल" राजा गर्जिन थाले ।

नरम नयाँ बाँस काट्ने सरी उक्त घातकले कुमारको दुइटै हात काटिदियो । कुमार त चुइक्क पनि रोएन किन्तु आमाचाहिं चिच्याई चिच्याई रोइ नै रहिन् । तत्पश्चात पनि, राजाले दुइटै खुट्टा पनि काट्ने आज्ञा दिए- आज्ञाको पालन पनि भयो । निरन्तर उक्त वातावरण भयावह एवं कोलाहलमयको हुँदै जान थाल्यो ।

"महाराज ! राजाज्ञा पालन गरिसकें, अब मेरो काम तमाम भयो कि ?" घातकको उक्त प्रश्न सुनेर पुन: क्रोधित हुँदै भन्न थाले- "पख....पख सकिए छैन ।" अब के गर्नुपर्छ महाराज ! घातकले थरथर काँप्दै बिस्तारै बिन्ति चढायो । राजाको आइराखेको रिस यति-उति भन्ने नै थाहा थिएन । उसले कुमारको शिर पनि काट्ने आज्ञा दिए । कुमारको स्थानमा शोकित रानीले आफ्नै गर्दन राखिदिई । परन्तु, राजाज्ञाद्वारा प्रतिबन्धित उक्त घातकले कुमारकै टाउको छिनालिदियो ।

"राजाज्ञा अब त समाप्त भयो महाराज ?" पख, अझ पनि सकिए छैन । "अब गर्नुपर्ने के छ र ?" तरवारको चुचेमा राखी यो कुमारको असिमाला बनाउ ।" घातकले पनि उस्तै गरिदियो । रानीको शोक तथा चिच्चाहट क्रमश: बढ्दै बढ्दै गइराखेको रहेछ । अन्तमा; आफ्नो पुत्रको उक्त दुर्दशा आमाको हृदयले सहन गर्न निक्कै गाह्रो भयो- छात्ति फुटेर तत्कालै दु:खद देहान्त नै भयो ।

अहो भयङ्कर ! अहो हृदयविदारक !! प्रत्येक मानव हृदयमा लुकेर बसिराख्ने यो क्रोधको परिणाम कति भयानक ! कत्ति विनाशकारक !! तब त भनिन्छ - "क्रोधको जागरण पूर्व नै क्रोध उत्पत्तिको कारण ज्ञात गरी क्रोधाग्नि शान्त गर्नुपर्छ - गर्न सक्नुपर्छ ।"

*श्रोत : चूल धम्मपाल जातक*

## थ्व जन्म म्हसीका

*✎ बेखारत्न शाक्य, यल*

दुर्लभ जन्म थ:गु थ्व धका
धर्मया ज्ञान खंका कया
वनेगु शरण श्री बुद्धया
थुगु जन्मय् लय् लय् ताया ।

करुणां जा:म्ह बुद्धं भीत
स:ता च्वंगु दु याकनं वा धका
मौकाय् भीपिं थ्यंक्य् मफुसा
थ्यनीगु गबले बुद्धया लयँ

महा पुरुषया जन्मथेतुं
दयका महत्व थ:गु जन्मया
यायेगु उपकार बुद्धं क्यों थें
करुणा तया दु:खीजनया

ज्ञानया मत च्याका खंका
दु:खं मुक्त थ: जुइगु धका
शिक्षा बुद्धया पालन याना
शरण बुद्धया भी वनेमा: ।

काल घाना भी जन्म जुया थें
धर्म घाना भी सिना वनेमा:
थ:त थ:म्हं भी कर्म दयेका
जीवन न्ह्याकागु सार यायेमा ।

## धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको शनिवारिय कक्षाको प्रतिवेदन

*प्रस्तुतकर्ता : संयोजक श्यामलाल चित्रकार*

धर्मकीर्ति विहारको एउटा निकायको रुपमा रहेको "धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी"को चारवटा उद्देश्यहरू मध्ये बुद्ध शिक्षा अध्ययन गर्नु पहिलो उद्देश्य अनुरूप हरेक शनिवारबाट बिहान संचालन हुँदै आएको प्रवचन कार्यक्रम सम्वन्धमा यो प्रतिवेदन प्रस्तुत गरिएको छ । हरेक शनिवार बिहान ८:३० बजे गोष्ठीका सदस्यहरू तथा अतिथि उपासक उपासिकाहरू विहारमा भेला हुन्छन् । सो भेलामा कुनै एक भिक्षु, भिक्षुणी वा कुनै गृहस्थ बौद्ध विद्वानबाट बुद्ध धर्म सम्बन्धी कुनै विषयमा आफ्नो विचार, ज्ञान र अनुभव प्रस्तुत गरिने कार्यक्रम छ । करिव एक डेढ घण्टा वक्ताको प्रवचन पछि श्रोताहरूबाट उठाइएका प्रश्न, जिज्ञासा र विचारहरूमा छलफल हुन्छ । बुद्ध धर्मको अध्ययन आ-आफ्नो अनुकुल र अवसर बमोजिम विभिन्न तरिकाबाट हुन सक्छ । तर गोष्ठीले संचालन गर्दै आएको यो शनिवारिय प्रवचन कार्यक्रमको विशेष किसिमले महत्व छ । भन्ते, गुरुमा तथा बौद्ध विद्वानहरूबाट जुन निष्पक्ष, विश्लेषणात्मक, गहण तथा सरल ढंगबाट विषय वस्तु प्रस्तुत हुन्छ त्यसबाट श्रोताहरू धेरै प्रभावित भएको देखिन्छ । यसबाट कतिपय व्यक्ति आफै जान्ने बुझ्ने भएका छन् र कतिपयले आफ्नो जीवनपद्धतिमा सुधार ल्याई सुखमय जीवन विताइरहेका छन् । अत: हरेक शनिवारबाट बिहान तोकिएको समयमा विहारमा आउनु भई प्रवचन कार्यक्रममा सहभागी हुन गोष्ठीका समस्त सदस्यहरू तथा अन्य उपासक उपासिकाहरूलाई निवेदन गरिएको छ । गोष्ठीको कार्यक्रमबारे 'सन्ध्या टाइम्स' को हरेक शुक्रवारको अङ्कमा सूचना प्रकाशन गरिएको हुन्छ ।

२०५७ साल बैशाख देखि फाल्गुण मसान्त सम्मको ११ महिनाको भित्र ४८ वटा शनिवार मध्ये ने.सं. ११२१ न्हूदँ, महानवमी पर्व तथा गोष्ठीको विशेष कार्यक्रमहरू जस्तै प्रव्रज्या दिवस, रक्तदान र स्वास्थ्य कार्यक्रम गरी जम्मा ५ वटा शनिवार बाहेक ४३ वटा शनिवारहरूमा संचालन भएका कक्षाहरूको विवरण यस प्रकार छन् :-

| | | |
|---|---|---|
| (क) | २० जना विभिन्न वक्ताहरूबाट प्रवचन | ३६ वटा शनिवार |
| (ख) | श्रीमती रिना तुलाधरको संयोजकत्वमा संचालित लेखन कला तालिम | ४ वटा शनिवार |
| (ग) | अस्थाई प्रव्रज्या र परियत्ति शिक्षाको महत्ववारे छलफल | २ वटा शनिवार |
| (घ) | परिसम्वाद | १ वटा शनिवार |
| | | ४३ वटा शनिवार |

२० जना विभिन्न वक्ताहरूको नामावली र उहाँहरूले लिनु भएको कक्षा संख्या यसप्रकार छ:-

| | *नाम* | *कक्षा संख्या* |
|---|---|---|
| १. | भिक्षु अश्वघोष | ७ |
| २. | श्री मदन रत्न मानन्धर | ४ |
| ३. | गुरुमां धम्मवती | ३ |
| ४. | श्री सोभियत रत्न तुलाधर | ३ |
| ५. | गुरुमां अनुपमा | २ |
| ६. | गुरुमां विर्यवती | २ |
| ७. | श्री भूवनलाल प्रधान | २ |
| ८. | भिक्षु भद्दिय | १ |
| ९. | भिक्षु बोधिज्ञान | १ |
| १०. | भिक्षु अस्सजी | १ |
| ११. | भिक्षु धर्ममूर्ति | १ |
| १२. | श्री लोक बहादुर शाक्य | १ |
| १३. | डा. नरेश बज्राचार्य | १ |
| १४. | श्री लाभ रत्न तुलाधर | १ |
| १५. | श्रीमती लोचनतारा तुलाधर | १ |
| १६. | श्री बरदेश मानन्धर | १ |
| १७. | डा. बज्रराज शाक्य | १ |
| १८. | श्री मीन बहादुर शाक्य | १ |
| १९. | श्री नरेन्द्रनाथ भट्टराई | १ |
| २०. | श्री श्यामलाल चित्रकार | १ |
| | जम्मा | ३६ |

भविष्यमा पनि यस्तै आफ्नो अमूल्य योगदान दिनु हुनेछ भन्ने आशा गर्दै प्रवचन दिनु हुने श्रद्धेय भन्ते, गुरुमां तथा अन्य विद्वान वक्ताहरूप्रति कृतज्ञता ज्ञापन गरिएको छ । प्रवचनको रिपोर्टिङ्ग उपहार प्रायोजन चियापानको व्यवस्था सफासुग्धर स्थान उपलव्ध गराई तथा अन्य विभिन्न प्रकारले सहयोग प्रदान गर्नु हुने सबै महानुभावहरूलाई धन्यवाद छ । धम्मानुशासक भिक्षु अश्वघोष तथा अध्यक्ष भिक्षुणी धम्मवतीको निरन्तर निर्देशन तथा आशिर्वादको याचना गर्दै यो प्रतिवेदनको अन्त गरिएको छ ।

## बुद्ध धर्ममा कर्मको सिद्धान्त

*कक्षा संचालक - श्यामलाल चित्रकार*

२०५७ फागुन १३ गते ।

यसदिन प्रवचन दिने क्रममा श्रद्धेय भिक्षु धर्ममूर्तिले भन्नुभयो -

"बुद्ध शिक्षानुसार कुनै पनि काम आफ्नो भित्री मनदेखि अथवा चेतनायुक्त भई गरिने कार्यलाई कर्म भनिन्छ । यही कर्म अनुसार विपाक भोग्नु पर्ने हुन्छ । राम्रो काम गरे राम्रै फल पाइन्छ । नराम्रो काम गरे नराम्रै फल भोग्नु पर्ने हुन्छ ।



Downloaded from http://www.dhamma.digital

बुद्ध शिक्षानुसार ५ प्रकारका स्वभाव धर्महरू यसरी रहेका छन् - ऋतु, विज, धम्म, कर्म र चित्त आदि । यसरी नै काम अनुसार ४ प्रकारका कर्महरू यसरी रहेका छन् । जनक कर्म, उपथम्भक कर्म, उपकिलक कर्म र उपघाटक कर्म आदि ।

कुनै पनि कार्यको प्रतिकृया गरी फल उत्पन्न गराउनुलाई जनक कर्म भनिन्छ । विपाक उत्पन्न भएपछि त्यसलाई सहयोग गर्दै जाने कार्यलाई अपथम्भक कर्म भनिन्छ। राम्रो र नराम्रो दुवै कार्यमा बाधा बन्नेलाई उपकिलक कर्म भनिन्छ। त्यस्तै जनक कर्म र उपथम्भक कर्म भन्दा बलवान कर्मलाई उपघाटक कर्म भनिन्छ । उपमाको लागि खेतमा रोपिने कुनै पनि वीऊ खेतमा रोपिने कार्यलाई जनक कर्म भनिन्छ । त्यस वीऊलाई स्याहार गर्दै जाने कार्यलाई उपथम्भक कर्म भनिन्छ । त्यसमा उम्रिने घाँसहरू उखेल्नुलाई उपकिलक कर्म भनिन्छ भने संयोगवश बाढी आई खेत वाली नष्ट गर्नुलाई उपघाटक कर्म भनिन्छ ।

त्यस्तै ४ प्रकारका मानिसहरू हुन्छन् -

१. कम्मपलक जीवी २. उत्थानपलक जीवी ३. कम्मत्थानपलक जीवी ४. नेव उत्थानपलक जीवी

पहिलाको कर्मानुसार राम्रो कुलमा जन्म लिई आयू लामो भई निरोगी र सुखपूर्वक मरण प्राप्त गर्ने मानिसलाई कम्मपलक जीवी भनिन्छ ।

पहिलाको कर्मानुसार जन्म लिन्छ । उनीहरूसंग कर्मफल छ । तर त्यसलाई अलिकति मात्र मेहनत गरेपनि प्रशस्त फल प्राप्त हुन्छ । मेहनत गरिएन भने चाहिं फल प्राप्त गर्न सकिन्न भने त्यसलाई उत्थान-पलक जीवी भनिन्छ ।

पहिलाको कर्मफल पनि नभएको, बाधाहरू पनि नभएको तर अहिलेको मेहनत अनुसार मात्र फल प्राप्त गर्न सकिनेलाई कम्मत्थानपलक जीवी भनिन्छ ।

पहिलाको कर्मफल पनि नभएको, मेहनत अनुसार फल पनि प्राप्त गर्न नसकिने दुःखपूर्वक जीवन विताई मरण प्राप्त गर्ने व्यक्तिलाई नेव उत्थानपलक जीवी भनिन्छ ।

विपाक दिने कर्महरू पनि ४ वटा नै छन्- १. दिट्ठधम्म वेदनीय कम्म २. उपपज्ज वेदनीय कम्म ३. अपरापर वेदनीय कम्म ४. अहोसी कम्म ।

अहिले गरेको कर्म फल यही जन्ममा भोगाउने कर्मलाई दिट्ठधम्म वेदनीय कम्म भनिन्छ । अहिले गरेको कर्म फल अर्को जन्ममा भोगाउने केर्मलाई उपपज्ज वेदनीय कम्म भनिन्छ । आफूले गरेको कर्मले जन्मजन्मान्तरसम्म फल दिने कर्मलाई अपरापर वेदनीय कम्म भनिन्छ । त्यस्तै विपाक भोग्न परेपनि यदि आफूले समयमै मुक्ति प्राप्त गरी फेरि जन्म लिनु नपर्ने अवस्था प्राप्त गरिसकेको भए कर्म फल भोग्न नपर्ने भई माफी हुन् जान्छ भने त्यस प्रकारको कर्मलाई अहोसी कर्म भनिन्छ ।

**२०५७ चैत्र १८ गते**

*रिपोर्टर: मीन शोभा शाक्य, विषय: छलफल*

यसदिन श्री बरदेश मानन्धरले अध्ययन गोष्ठीमा सहभागी भई आफूलाई कतिको व्यवहारिक बनाउन सफल भइयो र यसबाट प्रत्यक्ष फाइदा के कस्तो भएको छ भन्ने विषयमा छलफल गरियो । यस विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा कक्षामा उपस्थित सदस्यहरूको विचारहरू यसरी छन्–

*राजा शाक्य* - अध्ययन गोष्ठीमा आई बुद्ध शिक्षा अध्ययन गरेको फलस्वरूप बुद्ध शिक्षालाई व्यवहारमा उतार्न सजिलो भएको महशूस ।

*ध्रुव राज कर्निकार* - गोष्ठीमा बुद्धका शिक्षाहरू अध्ययन र छलफल गर्न पाई धेरै लाभान्वित भएको महशूस । तर सदुपयोग नभएको कारणले दुःखित ।

*ऐश्वर्य तुलाधर* - धर्म चेतनाको वृद्धी भएको महशूस । अरुलाई दुःख दिनु हुँदैन भन्ने भावनाको जागृत भई आफूमा सहनशीलता भएको महशूस । बुद्ध शिक्षा व्यबहारमा उतार्न सजिलो नभए पनि समस्यासंग सामना गर्न भने तयार ।

*पद्मा श्रेष्ठ* - गोष्ठीको कक्षामा भाग लिन पाउँदा मन आनन्द । धेरै ज्ञान हासिल गरेर अरुलाई पनि सिकाउन मन लाग्छ । तर आफूमा चाहिंदो मात्रामा अध्ययन पुगेको छैन ।

*अशोक चित्रकार* - गोष्ठीको कक्षामा भाग लिन पाउँदा जसले धर्मको रक्षा गर्छ, उसलाई धर्मले रक्षा गर्छ भने जस्तै शुद्ध चित्तले शील पालन गरे त्यसको परिणाम राम्रो हुन्छ भन्ने कुरा थाहा पाएँ । त्यसैले मैले आफ्नो जीवनमा कुशल कार्य गरी अगाडी बढ्न पनि अकुशल कार्यहरूबाट बच्न सकेको महशूस चाहिं गरेको छु । त्यसैले मैले आफ्नो मनोबल शक्ति बढाउनको लागि यस्तो कक्षामा भाग लिन उचित ठानेको छु ।

*शोभियत रत्न तुलाधर* - बुद्ध शिक्षा कहिले पनि पुरानो हुँदैन । यसले कुशल कार्य गर्ने प्रेरणा दिन्छ । अर्को कुरा अध्ययन गोष्ठीका साथीभाईहरू धर्मसाथी भएका हुनाले उनीहरू विश्वासिला हुन्छन् । त्यसैले यी साथीभाई बिच सुख दुःखका कुराहरू गर्न सजिलो भई मनका भावनाहरू पोखी समस्या समाधान गर्न सजिलो पर्छ । अध्ययन गोष्ठीमा अध्ययन गरिरहेका सहभागीहरूलाई बाहिरी मानिसहरूले पनि राम्रै दृष्टिकोण राख्ने गर्छन् ।

*रोशन तुलाधर* - बुद्धको शिक्षालाई साकार पार्न नसक्नु हाम्रो आफ्नै कमजोरी हो । हामीमा शक्ति र क्षमताको कमी छैन । त्यसैले यसको सदुपयोग हामीले किन नगर्ने ?

*अगम्य रत्न कंसाकार* - अध्ययन गोष्ठी भित्र मात्र होइन अन्य स्थानहरूमा पनि अध्ययन गोष्ठीका साथीहरू भेटघाट हुँदा आफ्नो मनको भावना व्यक्त गरी समस्या

समाधान गर्नको लागि सहयोग माग्न सजिलो छ।

*उद्योग* - आध्यात्मिक उन्नति हुने आशिका गरी व्यवहारिक जीवनमा राम्रो परिवर्तन ल्याउन सकिरहेको छु।

*अमीर कुमारी शाक्य* - पूज्य अश्वघोष भन्ते र भिक्षुणी धम्मवतीसंग बुद्ध शिक्षा सिक्ने सौभाग्य पाएकोले त्यसको प्रभाव हृदयसम्म परेको छ। प्रत्यक्ष र अप्रत्यक्ष रुपमा यसले मेरो जीवनमा प्रभाव पारेको छ। त्यसैले जुन क्षेत्रमा गए पनि यही सिद्धान्तलाई अंगाल्दै गइरहेको छु। अध्ययन गोष्ठीसंग मेरो आत्मिय सम्वन्ध छ। म शिक्षिका भएको नाताले मैले आफ्ना विद्यार्थीहरूलाई पनि बुद्ध शिक्षा दिइरहेकी छु।

*सुभद्रा चित्रकार* - आफ्नो जीवनमा समस्या आइपर्ने बेला बुद्धकालीन घटनाहरूलाई सम्झी मनोबल शक्ति बढाउने गर्छु। त्यसैले आफूले सिकेका बुद्ध शिक्षा अरुलाई पनि भनेर उनीहरूलाई पनि अध्ययन गोष्ठीमा ल्याउने कोशीस गरिरहेकी छु।

*मदन रत्न मानन्धर* - अध्ययन गोष्ठीमा कक्षा लिने मौका दिइएको कारणले बुद्ध शिक्षा अध्ययन गरी श्रुतमय, चिन्तनमय र भावनामय प्रज्ञा बढाउने मौका प्राप्त भयो। हामीले बुद्ध शिक्षालाई आफ्नो शक्तिले भ्याएसम्म व्यवहारमा उतारेर अगाडि बढ्नु पर्दछ। मानिस भएर बाँच्नुमा सार्थकता भयो भने त्यही ठूलो कुरो हो।

*श्यामलाल चित्रकार* - अध्ययन, गोष्ठीको कक्षामा भाग लिएर मनद्वारा गर्ने अकुशलबाट बच्न नसके पनि शरीर र बचनबाट गरिने अकुशलबाट चाहिं बच्न सकेको महशूस भएको छ। सदस्यहरूको विभिन्न विचार सुनिसकेपछि निष्कर्षमा बरदेश मानन्धरले भन्नुभयो -

अ. गोष्ठीमा आएर हामीलाई धेरै फाइदा भइरहेको पाइयो। बुद्ध शिक्षा हामीले व्यवहारमा उतारिरहेका छौं। तर व्यवहारमा उतार्ने अवस्थामा थुप्रै समस्या आइयो पनि निराश हुनु हुँदैन। निरन्तर प्रयत्न गर्दै गएपछि परिणाम राम्रै आउनेछ। अनि आत्मविश्वास बढ्ने छ। निरन्तर रूपमा कक्षा संचालन गरिरहनु सजिलो छैन। तर अध्ययन गोष्ठी भनेको वीऊ तयार गर्ने ठाउँ हो। वीऊ तयार भइसकेपछि अरु ठाउँहरूमा पनि छर्न सक्नु पर्छ। हामीले यहाँ प्राप्त गरेको वीऊरुपी ज्ञान विहारभन्दा बाहिर व्यवहारिक क्षेत्रमा प्रयोग गर्दै आफू र अरुको हित हुने कार्य गर्नुपर्छ।

**२०५८ बैशाख १ गते**

*स्थान- धर्मकीर्ति विहार रिपोर्टर: श्यामलाल चित्रकार*

नयाँ वर्षको उपलक्षमा कक्षामा उपस्थित सहभागीहरू सबैलाई सुस्वास्थ्य र चिरायुको कामना गर्नुहुँदै धम्मवती गुरुमाले भगवान बुद्धको जीवनमा घटेका महत्त्वपूर्ण घटनाहरू बैशाख पूर्णिमाको दिनमा घटेको कारणले गर्दा पनि यस दिनको महत्त्व बढिरहेको कुरा उल्लेख गर्नुभयो।

शिद्धार्थ कुमारले मायादेवीको कोखबाट जन्म लिनुभएको, बुद्धत्त्व प्राप्त गर्नुभएको, बुद्ध भइसकेपछि पहिलो पटक कपिलवस्तु पुग्नु भएको र ८० वर्षको उमेरमा कुशीनगरमा परिनिर्वाण हुनु भएको गरी जम्मा ४ वटा बुद्ध जीवनीमा प्रमुख घटनाहरू बुद्ध पूर्णिमाको दिन घटेका हुन्। यी बाहेक पुस्तकमा उल्लेख भएनुसार पहिला कुनै एक जन्ममा बुद्ध बन्नेछ भन्ने भविष्यबाणी पाएको पनि यही दिनमा हो।

यस्तो महत्त्वपूर्ण दिनमा हामीले बुद्ध शिक्षालाई चिन्तन मनन गरी आ-आफ्नो चित्त शुद्ध पार्दै लगी आफ्नो भविष्य सपार्नु परेको छ।

## २५४५ औं बुद्ध पूर्णिमा उत्सव क्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले रक्तदान कार्यक्रम

२५४५ औं बैशाख पूर्णिमा र धर्मकीर्ति विहारको ३६ औं जन्मोत्सवको उपलक्षमा मिति २०५८ बैशाख २२ गते शनीवार धर्मकीर्ति विहारमा सम्पन्न रक्तदान कार्यक्रममा ३५ जवान रक्तदाताहरूले आफ्नो रगत दान दिई सेवा पुऱ्याउनु भएको छ। स्मरणीय छ, धर्मकीर्ति विहारको आयोजनामा गत १८ वर्ष देखि यसरी नै रक्तदान कार्यक्रम निरन्तर संचालन गरिदै आएको छ।

स्वयम्भू रत्न तुलाधरको संयोजकत्त्वमा संचालित उक्त रक्तदान कार्यक्रममा भाग लिई रगत दान् दिने रक्तदाताहरूलाई चीसो पेय पदार्थ, दूध, फलफुल र मिठाई (स्वारी जेरी), ग्लुकोज आदि दान दिई सहयोग गर्नुहुने व्यक्तिहरूको नामावली यसरी रहेको छ।

गुरुमांहरू - धम्मवती, रत्नमञ्जरी, संघवती।

उसापसक उपासिकाहरू - इन्द्रमान महर्जन, मायादेवी महर्जन, ज्योती रत्न स्थापित, मिश्री शाक्य, मीनशोभा शाक्य, विकास मानन्धर र नाम थाहा नभएको आदि।

*रक्तदाताहरूको नामावली यसरी रहेको छ :-*

१. सुनीता शाक्य २. गीता सिंह ३. सुधी स्थापित ४. राज तुलाधर ५. मेरीना ताम्राकार ६. निर्मल रत्न बज्राचार्य ७. सुमन महर्जन ८. यादव लाल कायस्थ ९. कृष्ण बहादुर राजवाहक १०. माणिकराज बज्राचार्य ११. मन्दीरा महर्जन १२. सुरेश शाक्य १३. श्रृजु श्रेष्ठ १४. अगम्य रत्न कंसाकार १५. शोभा लक्ष्मी बज्राचार्य १६. अमीर मानन्धर १७. नविन ज्योती तुलाधर १८. प्रफुल्ल कमल ताम्राकार १९. बिबुति विष्ट २०. विजय अर्याल २१. हसन कुमार बज्राचार्य २२. सुरेशमान डंगाल २३. लक्ष्मी महर्जन २४. नविन शाक्य २५. ज्ञान बहादुर महर्जन २६. उमा मानन्धर २७. रवि श्रेष्ठ २८. युवक कर्माचार्य २९. महन्ता महर्जन ३०. करुणा मानन्धर ३१. रमा कंसाकार ३२. जुजुमान महर्जन ३३. रेणु मानन्धर ३४. रोशन काजी तुलाधर ३५. राजु रत्न बज्राचार्य।



Downloaded from http://www.dhamma.digital

### प्रज्ञानन्द संघनायकया १०१ बुदिं

२०५८ बैशाख १३ गते शाक्यसिंह विहारे थैना यले दिवंगत पूज्यपाद संघनायक प्रज्ञानन्द महास्थविरया १०१ बुदिंया लसताय् थी थी ज्या भ्रो दय्का उत्सव मानेयागु जुल ।

उगु दिने स्वागत, मन्तव्य वसपोल भन्तेया जिवनीया लेखक आर.बी. बन्देयात दोसल्ला न्येकेगुज्यां लिपा बर्माय् शासनधज धम्माचरिय पास याना बिज्यापिं निम्ह गुरुमांपिं अग्गञाणी व विमलञाणीपिन्त धर्मपूजां लिपा म्यान्मारया व थाइल्याण्डया राजदूतपिसं शुभ कामनां लिपा ञाणशिला गुरुमाँया पाखें धन्यवाद ज्ञापन जुल । सकसितं भोजन दानं पुण्यकार्य क्वचागु समाचार दु ।

**बनेपा बाल आश्रम ध्यानकुटीलाई आर्थिक सहयोग प्राप्त**
धर्मकीर्ति अध्ययन गोष्ठी भोजन पुचः नं.२ रु. ६००/–

*धर्मकीर्ति पत्रिकाको विशेष सदस्य*
क्र.सं. ३५३
**प्रतिभा समाज**
कोपुण्डोल
रु. १०००/–

## सप्त पुरुष-रत्न धन

*✎ दोलेन्द्र रत्न शाक्य*
चाकुपाट, ल.पु.


शीलको शितल जलले नुहाई, शुद्ध जीवन बिताऔं ॥१॥
श्रद्धा भाव राखी धर्ममा राम्रो, निर्वाणलाभी बनौं ॥२॥
लाज मानी गर्न कुकर्म, दत्तचित्तले सुकर्म गरौं ॥३॥
डर मानी गर्नमा कुकर्म, सुकर्ममा निडर बनौं ॥४॥
बहूश्रुत बनी ज्ञान बढाई, सद्धर्ममा मन लगाऔं ॥५॥
त्याग नै सुख हो जानी, दानपारमिता बढाऔं ॥६॥
प्रज्ञारुपी खड्ग उजाई, बन्धन सिक्री लौ चुँडालौं ॥७॥

अस्तु !
भवतु सब्ब मंगलं

२०५४/१२/२०

# समवेदना

**अनिच्चावत संखारा, उप्पाद वय धम्मिनो**
**उपज्जित्वा निरुज्झन्ति, तेस ऊपसमो सुखो**



*जन्म मिति*
**वि.सं. १९७४ पौष ७ गते**

*दिवंगत मिति*
**वि.सं. २०५७ चैत्र ९ गते**

**दिवंगत योगमणि ताम्राकार**

पोखरा अर्चलबोट वडा नं. २ निवासी यस धर्मकीर्ति पत्रिकाका विशेष सदस्य श्री योगमणि ताम्राकारज्यूको असामयिक निधन भएकोले वहाँको निर्वाणको कामना गर्दैछु ।

**धर्मकीर्ति परिवार**

**श्री ५ बाट बैशाख पूर्णिमाको सन्देश**

२०५८ बैशाख २४ गते ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २५४५ औं बुद्ध पूर्णिमाको उपलक्षमा बक्सेको सन्देशमा "सत्य शान्ति र अहिंसा जस्ता भगवान् बुद्धका उपदेशबाट अभिप्रेरित हामी नेपालीहरू सदा शान्तिका लागि हिमायती रही आएका छौं" हुकुम भएको छ ।

श्री ५ महाराजाधिराजबाट बुद्ध पूर्णिमाको लागि विभिन्न कार्यक्रमहरूका साथ लुम्बिनी दिवसका रुपमा समेत मनाउन लागेकोमा खुशी व्यक्त गरिबक्सँदै सन्देशमा शान्ति विना मानव समाजको विकास हुन सक्दैन भन्ने तथ्यलाई मनन गर्दै राष्ट्र र समाजको हित हुने कार्यमा जुट्न यस दिनले प्रेरणा प्रदान गरोस्, यही हाम्रो शुभकामना छ हुकुम भएको छ ।

**श्री ५ बाट बौद्ध सभा समुद्घाटन**

ललितपुर, बैशाख २३ गते ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट २५४५ औं बुद्ध पूर्णिमाको उपलक्षमा आयोजित ललितपुरको बृहत बौद्ध सभाको आइतवार नागवहालमा समुद्घाटन गरिबक्सेको छ । उक्त अवसरमा श्री ५ वडा महारानी पनि समुपस्थित होइबक्सन्थ्यो । उक्त सभामा श्री ५ महाराजाधिराजबाट बुद्ध धर्म संरक्षणमा सहयोग पुऱ्याउने संघ संस्था तथा व्यक्तिहरूलाई कदर पत्र प्रदान गरिबक्स्यो । श्री ५ महाराजाधिराज तथा श्री ५ वडा महारानीबाट स्थानिय हिरण्यवर्ण महाविहारको दर्शन गर्ने क्रममा बुद्ध जीवनीमा आधारित मूर्तिकला तथा बालचित्रकला प्रदर्शनीको पनि अवलोकन गरिबक्सेको थियो ।

सो समारोहमा सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री ओमकार प्रसाद श्रेष्ठ, भिक्षु सुदर्शन महास्थविर र ललितपुर उपमहानगर पालिकाका प्रमुख बुद्धिराज बज्राचार्य आदिले आ-आफ्ना मन्तव्य ब्यक्त गर्नु भएका थिए ।

**बागलुङमा बुद्ध जयन्ती**

२५४५ औं बुद्ध जयन्ती, बैशाख पूर्णिमाको उपलक्ष्यमा बागलुङमा सप्ताह व्यापी रुपमा विविध कार्यक्रमहरूको आयोजना गरियो ।

बैशाख पूर्णिमाको शुभ दिन बिहान प्रभात फेरि पछि भएको कार्यक्रममा काठमाडौंबाट आउनु भएको भिक्षु सुशीलले बुद्ध धर्मको शिक्षाको महत्व सम्बन्धमा प्रकाश पार्दै आजको विश्वले शान्तिका लागि बुद्ध धर्मको महत्व बुझ्न थालेको छ भन्नुभयो । गत वर्ष मात्र संयुक्त राष्ट्र संघले बैशाख पूर्णिमाको दिन विश्व भरीका आफ्ना कार्यालयमा बिदा दिने घोषणा गरेको यस परिप्रेक्ष्यमा उल्लेखनीय पक्ष हो भन्नुभयो ।

परम्परागत रुपमा शील प्रार्थनाबाट प्रारम्भ भएको बुद्ध पूजा कार्यक्रममा ज्ञानोदय बुद्ध विहार, बागलुङका संरक्षक बि. रामलाल शाक्य र उहाँको परिवारले दिवंगत युक्ता शाक्यको नामबाट रु. एक लाखको अक्षय कोष स्थापना गरिदिएको सूचना सार्वजनिक गरिएको थियो । दिवंगत पुत्री मुक्ता शाक्यको स्मृतिमा बि. रामलाल शाक्यले ३ फिट अग्लो ढलौटको बुद्ध प्रतिमा विहारमा प्रतिस्थापन गर्न प्रदान गरिएको जानकारी पनि सो अवसरमा दिइयो । यस्तै, निर्माणाधिन विहारको तेश्रो तल्लाको एउटा कोठा उपासक नारायण प्रसाद शाक्य र बेलकुमारी शाक्यले संयुक्त रुपमा निर्माण गरिदिने भएको जानकारी सभामा दिएको थियो । सोहि दिन अपरान्ह सिंगारिएको बुद्ध प्रतिमालाई खतमा राखेर भक्तजनहरूले बाजागाजाका साथ नगर परिक्रमा गरेका थिए ।

सो उपलक्ष्यमा बैशाख १७ गते स्थानिय युवा मिलन क्लबको संयोजकत्वमा चित्रकला प्रतियोगिता, १८-२० गते बागलुङ बुद्धिचाल संघको संयोजकत्वमा बुद्धिचाल प्रतियोगिता भएको थियो । बैशाख पूर्णिमाको अघिल्लो दिन महिला बौद्ध संघ, युवा बौद्ध संघ र धर्मोदय सभा बागलुङ शाखाको संयुक्त सहभागितामा शान्ति पद यात्रा गरी नगर परिक्रमा गरेका थिए । सो पदयात्रामा अन्य धर्मावलम्बिहरूको सहभागिता थियो ।

सोहि दिन बागलुङ अस्पतालमा उपचारार्थ भर्ती भैरहेका बिरामीहरूको शिघ्र स्वास्थ लाभको कामना गर्दै फलफूल वितरण गर्ने कार्य महिला बौद्ध संघका सदस्यहरूले गरेका थिए । इस्कोल कम्प्यूटर एजुकेशनको संयोजकत्वमा साँझ अन्तर माध्यमिक विद्यालय हाजिरी जवाफ प्रतियोगिता भएको थियो ।

बैशाख पूर्णिमाको उपलक्ष्यमा भएको सप्ताह व्यापि कार्यक्रम समापन गर्न बैशाख २५ गते आयोजित समापन समारोहमा भिक्षु सुशील, ब्रह्मकुमारी राजयोगका तर्फबाट सरश्वति, ओम साइका तर्फबाट नारायण प्रसाद र अन्य वक्ताहरूले बुद्ध धर्मको महत्व सम्वन्धमा आ-आफ्नो धारणा व्यक्त गरेका थिए । कार्यक्रममा विजयी प्रतियोगीहरूलाई प्रमाण पत्र र उपहार प्रदान गरिएको थियो ।

बैशाख पूर्णिमाको उपलक्ष्यमा बागलुङबाट



Downloaded from http://www.dhamma.digital

प्रकाशित हुने 'स्टार' साप्ताहिकले बुद्ध जयन्ती विशेषांक प्रकाशित गरेको छ । सो विशेषांक प्रकाशन गर्न पत्रकारिता विषयमा अध्ययनरत निलु के.सी. र दिपंकर शाक्यले विशेष सहयोग गरेको थाहा हुन आएको छ ।

### लण्डनमा बुद्ध पूर्णिमा महोत्सव

यसपालीको २५४५ औं बुद्ध पूर्णिमा महोत्सव बेलायतमा रहेका नेपालीहरूले पनि लण्डनमा मनाएको कुरा यति नेपाली एसोसिएसनले एक प्रेस विज्ञप्ति मार्फत जनाइएको कुरा थाहा हुन आएको छ । प्राप्त समाचार अनुसार बेलायतका लागि नेपाली राजदूत डा. सिंह बहादुर बस्नेतले लण्डन स्थित बोस्टन कलेजमा गत सोमवार पानसमा बत्ती बालेर कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । उहाँले शान्तिका पथ प्रदर्शक बुद्ध नेपालमा जन्मनु भएको विषयमा गौरव महशूस गर्नुहुँदै विश्व समुदायलाई बुद्धले देखाउनु भएको बाटो अनुशरण गर्न आह्वान गर्नुभयो ।

एशोसिएसनका अध्यक्ष डा. राघव प्रसाद धिताल, नेपाली साहित्य परिषद् बेलायतका संस्थापक महासचिव सुरेशजंग शाह, निमा वाङले लामा, चिरञ्जीवी ढकाल, भिक्षु कोचोय वान्डभी लामा, राघव प्रसाद धिताल, हरी थापा, दौलत राई, वसन्तराम क्षेत्री, डा. जानकी धिताल र चन्दिका पौडेलले पनि बुद्ध जीवनी र शिक्षावारे प्रकाश पार्नु भएको थियो ।

### म्याग्दी बेनीमा बुद्धजयन्ती

२५४५ औं बुद्ध पूर्णिमा मनाउने सिलसिलामा म्याग्दी बौद्ध संघको सक्रियतामा दुई दिने उत्सव सम्पन्न भयो । बैशाख २३ गते बिहान काठमाडौंबाट आउनुभएका श्रद्धेय भिक्षु संघरक्षितद्वारा उपदेश पश्चात् म्याग्दी अस्पतालका विरामीहरूलाई फुलफूल वितरण कार्यक्रम भयो ।

२४ गते बुद्धजयन्तीका दिन बिहान विद्यार्थीहरूका सहभागितामा शान्ति पदयात्रा सम्पन्न गरी संघको विभिन्न कार्यक्रम अनुसार मूल प्रवेशद्वारको उद्घाटन जेष्ठ नागरिक श्री मखन लाल श्रेष्ठबाट भयो । त्यसै गरी २५४५ औं बुद्ध पूर्णिमा तथा दोस्रो महाधिवेशन कार्यक्रमको उद्घाटन प्रमुख अतिथि श्रद्धेय भिक्षु संघरक्षितज्यूद्वारा दीप प्रज्वलितका साथै शान्तिका प्रतीक परेवा उडाएर गर्नुभयो । उक्त कार्यक्रम संघको अध्यक्ष श्री प्रकाश कुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न भयो भने संघका सदस्य श्री सुवास कुमार श्रेष्ठबाट स्वागत भाषण तथा सचिव श्री याम शाक्यबाट प्रतिवेदन प्रस्तुत गरिएको थियो । सो कार्यक्रममा संघलाई आर्थिक तथा भौतिक सहयोग गर्ने महानुभावहरूलाई संघको तर्फबाट प्रशंसा पत्र वितरण गरिएको थियो भने त्यसै कार्यक्रममा जापानबाट राजेन्द्र श्रेष्ठ र महेन्द्र श्रेष्ठको सक्रियतामा संकलन गरी पठाएको रकम (५०,०००।-) वहाँका प्रतिनिधित्व गरी आउनुभएको श्री कुल प्रसाद श्रेष्ठद्वारा संघलाई हस्तान्तरण भएको थियो । उक्त कार्यक्रममा ज्ञानमाला भजनका साथै धर्मदेशना कार्यक्रम पनि भयो । धर्मदेशना गर्नु हुँदै श्रद्धेय संघरक्षित भन्तेले भन्नुभयो - बुद्धभूमि नेपालमा मात्र नभई विश्वभरिनै बिदाको रुपमा घोषित बुद्धजयन्ती सच्चा बौद्धले बिदाको आनन्दमय दिनका रुपमा र कार्यक्रममा सहभागी देखाएर मात्र सम्पन्न नगरी बैशाख पूर्णिमा-बुद्ध पूर्णिमालाई हाम्रो नयाँ वर्षको रुपमा लिएर व्यापारीले आर्थिक लेखाजोखा गरेझैं आफ्नो चरित्रको लेखाजोखा गरी शिक्षा लिएर सजग, सचेत र जागरण हुनुपर्ने कुरामा बढी जोड दिनुभयो ।

सो महाधिवेसन म्याग्दी बौद्ध संघको सर्वसम्मतले यज्जनलाल शाक्यको अध्यक्षतामा उपाध्यक्ष नरबहादुर थापा, सचिव याम शाक्य, सह-सचिव लक्ष्मण खोरन्जा, कोषाध्यक्ष सुब्बा शाक्य, सदस्यहरू श्रीमती विष्णु शाक्य, जगतदेवी पुर्जा, झप्पनलाल शाक्य, हिक्मत शेरचन, कुविर श्रेष्ठ र कृष्ण शाक्य रहेको नयाँ कार्यसमिति चयन गरेको छ । संस्थालाई प्रभावकारी ढंगबाट संचालन गर्ने उद्देश्यले ११ सल्लाहकार सदस्यहरू मनोनयन गरेको छ । त्यस्तै, श्रीमती विष्णु शाक्यको अध्यक्षतामा ११ सदस्यीय "महिला बौद्ध संघ" र श्री रमेश श्रेष्ठको अध्यक्षतामा १३ सदस्यीय "युवा बौद्ध संघ" को पनि गठन भएको छ । यो दिन दिउँसोतिर बजारभरि बुद्धप्रतिमा विराजमान रथयात्रा पनि सम्पन्न भयो ।

### धनगढी, कैलालीमा बुद्धजयन्ती

धनगढी, २४ बैशाख । सिद्धार्थ गौतम बुद्धको २५४५ औं महापरिनिर्वाण दिवस तथा बुद्ध पूर्णिमा कार्यक्रम धनगढी कैलालीमा हर्षोल्लासका साथ सुसम्पन्न भयो । लोकचक्र बुद्ध विहार, बुद्धमार्ग, धनगढीमा भएको २ दिवसीय बुद्ध जयन्ती कार्यक्रममा युद्धरत्नज्यूबाट शान्ति कामना कार्यक्रम भएको थियो भने २४ गते बैशाख पूर्णिमाको दिन बिहान शान्तिपद यात्रा, दिउँसो धर्मदेशना कार्यक्रम र बेलुकी स्थानीय युनेस्को क्लबको विशेष सक्रियतामा साँस्कृतिक कार्यक्रम भएको थियो ।

शान्तिपद यात्रा लोकचक्र बुद्धी विहारबाट प्रारम्भ भै धनगढी चौराहा ट्राफिकमा अवस्थित बुद्धमूर्ति परिक्रमा गरी बुद्ध विहारमै समापन गरिएको थियो । शान्ति पदयात्रामा भिक्षु, लामाज्यूहरू, अनगारिका, धर्मोदय सभाका सदस्य पदाधिकारीहरू, स्थानीय बुद्धिजिवी र स्कूलका विद्यार्थीहरू सहभागी थिए ।

दिउँसो भएको धर्मदेशना कार्यक्रममा प्रमुख अतिथिको आशनबाट धर्मदेशना गर्नुहुदै पोखराबाट पाल्नुभएका श्रद्धेय भिक्षु श्रद्धानन्दले बुद्ध पुरुषको जन्म दुर्लभ छ । यस्तो दूर्लभ जन्म हाम्रै नेपाल भूमिमा भएको

छ, यो हाम्रो सौभाग्य हो भन्नु हुँदै हामीले बुद्धले सिकाउनु भएको शान्ति प्राप्तीको ज्ञानलाई जीवन व्यवहारमा पनि अपनाउँदै जाने हो भने सौभाग्यमा सुगन्ध थपिने विश्वास व्यक्त गर्नुभयो । धर्मदेशनाकै क्रममा लखिमपुर भारतबाट पाल्नुभएका भिक्षु ज्ञानरतन र लुम्बिनीबाट पाल्नु भएकी गुरुमां सुजाताले क्रमश: शील सदाचार र बुद्धजयन्ती पर्बको महत्वबारे चर्चा गर्नु भयो । धनगढीका समाजसेवी तथा वयोवृद्ध वुद्धिजिवी गंगनराज भट्टले वि.सं. २०३६ सालमा राजनैतिक कारणबाट बुद्धजयन्ती मनाइएको भएतापनि यसले त्यहींबाट बुद्धजयन्ती मनाउने निरन्तरता पाउँदै आउनसकेको बताउनु भयो ! उहाँले गौतम बुद्ध जन्मनु भएको नेपाल भूमिमा विक्रम सम्वत् होइन बुद्ध सम्वत चलाइनु पर्नेमा जोड दिनुभयो ! यसैगरी ब्रह्मकुमारी विश्वविद्यालयकी वाई ईन्दूले पनि मन्तव्य व्यक्त गर्नुभएको थियो ।

धर्मोदय सभा धनगढीकी अध्यक्ष श्रीमती प्रेमकुमारी तुलाधरको सभापतित्वमा संचालित उक्त धर्मदेशना कार्यक्रमलाई स्वागत युनेस्को क्लबका अध्यक्ष मोति विक्रम श्रेष्ठले गर्नुभएको थियो भने धन्यवाद ज्ञापन र सभा विसर्जन श्रीमती प्रेमकुमारी तुलाधर ज्यूबाट भएको थियो । बुद्धजयन्ती समारोहमा सहभागी हुन पोखराबाट बौद्ध उपासक तथा साहित्यकार विश्व शाक्य र लुम्बिनीबाट गुरुमां खमेसी पनि आउनु भएको थियो ।

## "दृश्य, दृष्टि र बुद्ध" कृति विमोचन

काठमाडौं । बैशाख १५ गते शनिवार, २०५८ ।

बौद्ध दर्शन र चिन्तनमा केन्द्रित रहेको एवं "परियत्ति सद्धम्म पालक" भिक्षु संघरक्षितद्वारा रचना गरिएको "दृश्य, दृष्टि र बुद्ध" (सचित्र कविता संग्रह) ग्रन्थ पाटनस्थित श्री सुमंगल विहारमा एक समारोह गरी विमोचन भयो ।

अखिल नेपाल भिक्षु महासंघका धर्मानुशासक एवं अग्ग महा सद्धम्म जोतिक धज श्रद्धेय भिक्षु अश्वघोष महास्थविरको प्रमुख आतिथ्यमा प्रकाशकको स्वागत भाषणको लगत्तै उहाँबाट उक्त कविता ग्रन्थको विमोचन भयो र पुस्तक वितरण पनि गरियो । कविता ग्रन्थका केन्द्रिय टिप्पणीकार प्रा. डा. मोहनहिमांशु थापाले रोचक ढंगमा समीक्षा गर्नुभयो ।

प्रमुख अतिथि भिक्षु अश्वघोष महास्थविरले चित्रकार र कविद्वय भिक्षुहरूको बौद्ध क्षेत्रमा एकैसाथ जन्मेकोमा खुशी प्रकट गर्नुहुँदै आफ्नै शिष्यको जोश, जाँगर र प्रयत्नद्वारा रचित महत्त्वपूर्ण कृतिको विमोचन गर्न पाएकोमा अत्यन्त हर्षसँगै रमाइलो शैलीमा बौद्धिक चिन्तन प्रस्तुत गर्नुभयो ।

शुभकामना मन्तव्य क्रममा ललितपुर उपमहानगर-पालिकाका भू.पु. मेयर श्री बेखारत्न शाक्यबाट भर्खरको नवयुवक भिक्षुबाट यसानुरूप अप्रत्यारिलो एवं अविश्वसनीय किसिमले ५-६ वटा कृतिको रचनासँगै प्रकाशित समेत गरेको जोश-जाँगरमा भित्री हृदयदेखि खुशीको उद्गारव्यक्तसँगै भविष्यमा गर्न सक्ने आवश्यक सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने वचन दिनुभयो ।

दुई शब्दका क्रममा कृतिभित्र चित्रकला तर्जुमा गर्नुहुने भिक्षु शोभनबाट कसरी आफूले लेखकको आग्रह, बारम्बारको सूचना एवं घचघचाइबाट चित्र रचनाको क्रम समाप्त भयो भन्ने कुरा अघि राख्दै अन्य धर्मावलम्बीमा झैं पुस्तक प्रकाशन र वितरणमा दाताहरूको बलियो सहभागिताको आव्हान गर्नुभयो ।

कविता-ग्रन्थका कवि स्वयं भिक्षु संघरक्षितले ग्रन्थ रचना र प्रकाशनको दु:ख, कष्ट र पीडा सँगै हालको आनन्द, सन्तोष र खुशी पनि छर्लंग प्रष्ट्याएर सबै सबैमा धन्यवाद ज्ञापन पनि गर्नुभयो ।

अन्तमा; सभापतिको आसनमा अ.ने.भि. महासंघका भू.पु. अध्यक्ष एव. त्रिपिटकाचार्य श्रद्धेय भिक्षु कुमार काश्यप महास्थविरले भन्नुभयो - कवि म होइन, कविता बुझ्दिनँ पनि । तर यो कविता-ग्रन्थमा समावेश कविताहरू पढ्दा एकदम राम्रो लाग्यो, भाव र शैली सहज, सरल तर सशक्त लाग्यो । तसर्थ, कविलाईभन्दा म यो कविता-ग्रन्थलाई ठूलो प्रशंसा गर्दछु ।

## "बैशाख पूर्णिमा – बुद्ध पूर्णिमा' पुस्तक विमोचन

२०५८ बैशाख २२ शनिवार, काठमाडौं ।

बैशाख पूर्णिमासंग सम्बन्धित विविध महत्त्वपूर्ण बौद्ध ज्ञान र दृष्टिकोणलाई संगालेर सत्यसन्देश प्रचारक प्रकाशनको छैठौं कृतिका रुपमा भिक्षु संघरक्षित, संघारामद्वारा रचना गरिएको एवं ज्ञानज्योति कंसाकारद्वारा प्रकाशित "बैशाख पूर्णिमा-बुद्ध पूर्णिमा' पुस्तक क्षेत्रपाटी ढल्कोस्थित संघाराम विहारमा एक समारोह गरी विमोचन भयो ।

पञ्चशीलद्वारा प्रारम्भ भएको उक्त समारोहको सभापतित्व अखिल नेपाला भिक्षु महासंघका धर्मानुशासक एवं अग्ग महा सद्धम्म जोतिक धज श्रद्धेय भिक्षु अश्वघोष महास्थविरले ग्रहण गर्नुभएको थियो भने श्रद्धेय भिक्षु उपतिस्स (एम.ए.श्रीलंका) बाट स्वागत भाषण भयो । कार्यक्रमको मूल पुस्तक विमोचन अ.ने.भि.म.का अध्यक्ष, ने.बौ.प.शि.स.का शिक्षाध्यक्ष एवं अग्ग महा सद्धम्म जोतिक धज श्रद्धेय बुद्धघोष महास्थविरद्वारा सम्पन्न भयो भने पुस्तक वितरण पनि गरियो ।

उक्त ग्रन्थको टिप्पणी एवं समीक्षा बौद्ध विद्वान् तथा ग्रन्थकार श्री आर.बि. बन्द्य एवं नेपालभाषा र नेपालीभाषाका प्राध्यापक तथा बरिष्ठ साहित्यकार



Downloaded from http://www.dhamma.digital

प्रा. डा. मोहनहिमांशु थापाद्वारा गरिएको थियो भने काठमाडौं महानगरपालिकाका मेयर श्री केशव स्थापितद्वारा शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

सो समारोहका प्रमुख अतिथि बुद्धघोष भन्तेले बुद्धधर्म जान्न र बुझ्न सक्ने तथापि बैशाख पूर्णिमा सम्बन्धी स्पष्ट खुलाइएको प्रस्तुत हित-कल्याणकारी बौद्ध ग्रन्थ प्रकाशन गरिएको देख्दा प्रसन्नतासंगै हार्दिक साधुवाद व्यक्त गर्नुभयो ।

उक्त बौद्ध कृतिका कृतिकार भिक्षु संघरक्षितले भोजपुर-चैनपुर भ्रमणदेखिको प्रसंगलाई जोडेर कसरी प्रस्तुत पुस्तकको लेखनकार्य र प्रकाशनकार्य सम्पन्न भयो भन्ने कुरा अघि सारेर प्रत्यक्ष-अप्रत्यक्ष सहयोग कर्ता सबैमा धन्यवाद ज्ञापन पनि गरियो ।

सो समारोहको सभापतिबाट अश्वघोष भन्तेले आफ्नो कान्छो शिष्यबाट यसानुरूप लगभग २ वर्ष नबित्दै ६-७ वटा ग्रन्थ लेखिसकेर प्रकाशन समेत गरेकोमा अति प्रसन्नता व्यक्त गर्नुहुँदै आफ्ना मनका विविध भावहरू प्रकट गर्नुभयो ।

श्री शाक्य सुरेनबाट संचालन गरिएको उक्त समारोह पुण्यानुमोदन गरी समापन गरिएको घोषणा भयो । तत्पश्चात्, उपस्थित व्यक्तिहरूलाई व्यवस्था गरिए अनुसार जलपानको वितरण पनि भयो ।

## राष्ट्रिय जनगणना विचार गोष्ठी

२०५८ बैशाख २२ गते शनिवार मैत्रेय युवा संघको आयोजनामा राष्ट्रिय जनगणना २०५८ को सन्दर्भमा 'विचार गोष्ठी' बौद्ध समकृत विहारमा सम्पन्न भयो ।

पञ्चशील प्रार्थनाबाट शुरू भएको उक्त कार्यक्रममा संघका अध्यक्ष तिर्थराज बज्राचार्यले स्वागत भाषण गर्नुभएको थियो । जनगणना विषय वोल्ने क्रममा श्रद्धेय भिक्षु धम्मशोभन, ज्यापु महागुथी संघका केन्द्रिय अध्यक्ष विपेन्द्र महर्जन, नगदेश बौद्ध समूहका महा-सचिव कृष्णकुमार प्रजापति युवा बौद्ध पुचःका अध्यक्ष धर्मरत्न शाक्य त्यस्तै बौद्ध विद्वान हर्षमुनि शाक्यले बौद्धहरूको तथ्याङ्क २००९ सालमा १७ प्रतिशत सरकारले देखाएको छ भने १० वर्षको एकचोटी हुने जनगणनामा बौद्धहरूको तथ्याङ्क बढ्दै जानु पर्नेमा झन झन प्रतिशत घटाउँदै लगेको हुनाले २०५८ जेष्ठ २८ गतेदेखि शुरु हुने राष्ट्रिय जनगणनामा हामी सम्पूर्ण बौद्धहरू एकजुट भई बौद्धहरूको तथ्याङ्क बढाउने क्रममा गणकहरूका साथसाथै घर घरमा गई सही तथ्याङ्क निकाल्नको लागि सहयोग गर्नुपर्ने विचार ब्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा रामकृष्ण वैद्यको सभापतित्वमा भएको थियो भने धन्यवाद ज्ञानेन्द्र शाक्यले दिनु भएको थियो ।

## दुईजना गुरुमांहरू सम्मानित

२०५८ बैशाख ८ गते। स्थान: विश्व शान्ति विहार, नयाँ बानेश्वर।

दुईजना नेपाली गुरुमांहरू अग्गञाणी र विमलञाणीले बर्मा (म्यानमार) बाट शासनधज धम्माचरिय पदवी प्राप्त गर्न सफल हुनुभएको उपलक्षमा विश्व शान्ति विहार र सुखावास विहारबाट संयुक्त रूपमा आयोजित एक कार्यक्रममा दुबैजना गुरुमांहरूलाई सम्मान गरिएको समाचार छ । प्राप्त समाचार अनुसार उक्त समारोहमा अन्तर्राष्ट्रिय भिक्षुणी संघको तर्फबाट पनि दुवैजना गुरुमांहरूलाई एक एक जोर वस्त्र दान दिई सम्मान गरिनुका साथै थुप्रै दाताहरूको तर्फबाट पनि उहाँहरूलाई सम्मान गरिएको थियो ।

यसरी नै अनोजा गुरुमांले पि.एच.डी. परीक्षा उत्तीर्ण गर्नुभएको उपलक्षमा धर्मकीर्ति विहारको तर्फबाट सम्मान गरिने समाचार छ ।

## जामाचोमा बुद्धपूजा

२०५८ बैशाख १५ गते । धर्मकीर्ति विहारको आयोजनामा जामाचो चैत्यमा बुद्धपूजा सम्पन्न गरिएको छ । करीव २०० जवान उपासक उपासिकाहरूले भाग लिएको उक्त बुद्धपूजा कार्यक्रममा धम्मवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो ।

**बौद्ध धर्म सेवा समितिको तेश्रो जिल्ला अधिवेशन सम्पन्न**

***पुनः देवेन्द्र गुरुङ्गको अध्यक्षतामा नयां कार्य समिति गठन***

बौद्ध धर्म सेवा समिति, भरतपुर, चितवनको तेश्रो जिल्ला अधिवेशन २०५७ जेष्ठ २५ गते शनिवारका दिन सम्पन्न भएको छ । समितिका अध्यक्ष देवेन्द्र गुरुङ्गको अध्यक्षतामा सम्पन्न उक्त अधिवेशनको प्रमुख अतिथि गुम्बा व्यवस्था तथा विकाश समितिका सदस्य-सचिव श्री ईन्द्रबहादुर गुरुङ्गज्यूले कलात्मक पानसमा पदप प्रज्वलित गरी उद्घाटन गर्नुभएको थियो । सो अवसरमा ५० हजार भन्दा माथी नगद वा जिन्सी सहयोग गर्ने दाताहरू श्रीमती सनसरी गुरूङ्ग, टेकप्रसाद गुरूङ्ग, पर्तबहादुर गुरूङ्ग, लामा ज. दलसिं तामाङ्ग, गुरूङ्ग आमा समाज भरतपुर, नारायणी क्लब ब्रुनाई, गञ्जसिं गुरूङ्ग, मे. छानबहादुर एवं श्रीमती गङ्गा गुरुङ्ग, खामसुङ्ग लामा, काल्साङ्ग लामा, स्व. डम्बर-ध्वज गुरूङ्ग, स्व. रामबहादुर गुरूङ्ग गरी जम्मा १२ जना महानुभावहरूलाई प्रमुख अतिथिज्यूबाट ताम्रपत्रमा कुंदिएको कलात्मक कदर-पत्र प्रदान गर्नुभयो । यसैगरी १४ जना सम्मान-पत्र पाउनु हुनेहरूमा किरणराज बज्राचार्य, चन्द्रवहादुर गुरूङ्ग, लेखकाजी एवं जयश्री गुरूङ्ग, गम्भीरसिं घले, क. परबहादुर गुरूङ्ग, मे. नन्दराज गुरूङ्ग, रामकृष्ण गुरूङ्ग, छिरिङ्ग तेञ्जिङ्ग लामा, डि.आई.जी. ज्ञानेन्द्र विक्रम महत, डि.एफ. ओ. यमबहादुर थापा, डि.एस.पी. नरबहादुर गुरूङ्ग, श्रीमती आसमाया गुरूङ्ग, स्व. पद्मराज गुरूङ्ग र यमबहादुर गुरूङ्ग छन् ।

उक्त अधिवेशनले २०५७ जेठ मसान्त सम्मको वास्तविक आय-व्यय विवरण अनुसार रु. ८३,८०,८४९/८३ पैसाको बजेट प्रस्तुत गर्‍यो । उक्त आय-व्यय विवरणमाथि वृहत् छलफल गरी सर्वसम्मतरूपबाट अनुमोदन गरियो ।

अधिवेशनको अवसरमा समितिका पूर्व अध्यक्ष श्री टेकप्रसाद गुरूङ्ग, देवघाट क्षेत्र विकास समितिका अध्यक्ष श्री देवेन्द्र उपाध्याय, लामा श्री रक्ष गुरूङ्ग, चित्रवन विहारका अध्यक्ष वज्रराज बज्राचार्यज्यू"ले शुभकामना मन्तव्य दिनु भएको थियो । उक्त अवसरमा उद्घोषण एवं कार्य प्रगती विवरण पदम गुरूङ्गले गर्नुभएको थियो ।

सो अधिवेशनमा ललितपुर निवासी ई. श्री तेजसिं भण्डारी तथा उहांका सपरिवारद्वारा समितिबाट सञ्चालित महाबौद्ध गुम्बालाई करीब रु. एक लाख बराबरको पांचवटा बुद्ध मूर्तिहरू प्रमुख लामा भिक्षु आचार्य श्री जीतबहादुर गुरूङ्गज्यूलाई हस्तान्तरण गर्नुभयो ।

× × ×

आत्मिय भाईजितु २०५८/१/२४ सोमवार
सप्रेम सम्झना

## बैशाख पूर्णिमा, शुक्ल पक्ष 'बुद्धजयन्ती'

पत्र लेख्नाको विशेष कारण यो छ की आजको दिनमा बुद्धजयन्ती हर्षोल्लासका साथ मनाउन मेरो आत्माले चाहेको छ किन भने अहिलेसम्म धनगढीमा बुद्धजयन्ती खुशी र आनन्दसँग मनाउँदै गरेकोले पहिलेका दिनहरूको भगवान बुद्धप्रति राखेको सदभाव, र प्रेम अहिले पनी मेरो हृदयमा अमरै रहेकोले आजको दिनमा त्यहाँको भगवानको मन्दिर अति नै सम्झना गर्दै यो पत्र आँसुका थोपाहरू खसाली खसाली लेखिरहेको छु । त्यसैले आज बुद्धजयन्तीको शुभ दिनमा याहाँ कारागारभित्र पनी सबै कैदी साथीहरू माझमा बुद्धजयन्ती मनाउनको लागि मेरो हृदय र आत्मा धेरै उत्सुक भएको हुँदा एउटा जस्तोसुकै भएपनि बुद्ध भगवानको मुर्ति र हामी कैदीहरू १७० जनाहरूको लागि प्रसाद हलुवा पठाई दिनेछ भन्ने आशा राखेको छु । याहाँ महिला कैदी र पुरुष कैदी अनी सुरक्षा गार्ड लगायत १७० जना मात्र भएकोले प्रसादको कमि भएमा थोरै थोरै पठाई दिए पनि हुन्छ । प्रसाद भाग लगाउने काम याहाँभित्र हामी आफैले नै गरिहाल्नेछौं । बाँकि भेटघाटमा विस्तार गरौंला ।

तिम्रो मित्र दाई
राजेश राई

*(बुद्धजयन्तीको पुनित दिनको सम्झना गर्दै धनगढी कारागारबाट प्रेसित एकजना कैदीको पत्र)*

• • •

## बैशाख पूर्णिमालाई विश्व शान्ति दिवसको रुपमा घोषणा गराउन आह्वान

बुद्धजयन्ती समारोह समितिले बैशाख पूर्णिमाको दिनलाई "विश्व शान्ति दिवस" दिन भनी घोषणा गरियोस् भनी श्री ५ को सरकार मार्फत् संयुक्त राष्ट्र संघलाई पहल गराउन आह्वान गरिएको समाचार छ ।

यस सम्बन्धमा सरकारका तर्फबाट पहल गर्न लगाउन पूर्वमन्त्री तथा २५४५ औं बुद्धजयन्ती मूल आयोजक समितिका सल्लाहकार प्रयागराज सिंह सुवाल संयोजक तथा केदार शाक्य र ईश्वरमान सिंह सदस्य रहेको अनुरोध समितिले सँस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्री ओमकार प्रसाद श्रेष्ठसंग भेटी अनुरोध पेश गरेको थियो । स्मरणीय छ बैशाख पूर्णिमाको उपलक्षमा आनन्दकुटी विहारमा आयोजित समारोहमा बोल्नु हुँदै प्रधानमन्त्री गिरीजा प्रसाद कोइरालाज्यूले बैशाख पूर्णिमाको दिनलाई विश्व शान्ति दिवसको रुपमा घोषणा गराउन संयुक्त राष्ट्र संघमा आग्रह गर्ने वचन दिनु भएको थियो ।

## सिरुवारी स्यांगजामा बौद्ध जागरण शिविर

२०५७ चैत्र २३ गते ।

हिमाली बौद्ध शिक्षण संस्था पाटन र धर्मोदय सभा स्यांग्जा शाखा सिरुवारीको संयुक्त आयोजनामा हिमाली बौद्ध जागरण तथा प्रशिक्षण शिविर सम्पन्न भएको समाचार छ । गुरूङ्ग समाजको गुरु लामा र उपासक दाताहरू सबैलाई बुद्ध शिक्षा विषयमा ज्ञान दिने उद्देश्यले उक्त बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविरको आयोजना गरिएको थियो । चैत्र २२-२६ सम्म सिरुवारी सँस्कृति भवनमा संचालित उक्त शिविरको वरिष्ठ प्रशिक्षक तथा खेन्पो ङवाङ वोसेर शेर्पा (लामा) ले शिविर उद्घाटन गर्नुहुँदै भन्नुभयो - 'मन शुद्ध पार्ने कार्यलाई धर्म भनिन्छ । त्यसैले निर्दोषी पशुहरूलाई बलि दिनु धर्म होइन अन्धविश्वास र रुढीबादी परम्परा हो ।"

पंचमूल सिरुवारी गा.वि.स. का अध्यक्ष हर्कबहादुर गुरूङ्गले स्वागत गर्नुहुँदै 'विभिन्न निकायका बौद्धहरूमा एकरूपता ल्याउने उद्देश्यले संचालित यस शिविरबाट उचित निष्कर्ष पाउने" आशा व्यक्त गर्नुभयो । आयोजक तथा भू.पू. सांसद रुद्रमान गुरूङ्गले आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै "बुद्ध शिक्षा एक उत्तम धर्म हो । काटमार र हिंसा बुद्ध शिक्षा विरोधी कार्यहरू हुन् । बुद्धको शिक्षानुसार पुस्तकमा उल्लेख गरिएको छ भन्दैमा त्यसलाई विश्वास राख्न हुन्न, पहिला आफ्नो स्वतन्त्र चिन्तनले विचार गरी ठीक लागेमा मात्र त्यसलाई स्वीकार गर्नुपर्छ" भन्नु हुँदै अगाडि भन्नुभयो- "निरंकुश राणा शासनकालमा पनि वि.सं. १९९० सालमा



Downloaded from http://www.dhamma.digital

हेमप्रसाद गुरूङ्गले सिरुवारीमा गोम्पा स्थापना गरी आफ्नो वीरता देखाएको घटना प्रशंसनिय छ ।" उहाँले २०५८ सालको जनगणनामा गुरूङ्ग दाजुभाई दिदी बहिनी सबै चनाखो रहन आग्रह पनि गर्नुभयो ।

नेपाल तमु संघ काठमाडौंका सल्लाहकार क्याप्टने आशबहादुर गुरूङ्गले धर्ममा भएको विकृती र विनाशहरू व्यक्तिको स्वार्थले गर्दा भएका हुन् भन्नुहुँदै जनगणना हुँदा गणकले सही कुरा लेखे लेखेन आफूले पनि हेर्नुपर्‍यो भन्नुभयो । धर्मोदय सभा स्यांग्जा शाखाका अध्यक्ष श्री बुद्धिबहादुर गुरूङ्गले अध्यक्षको आशनबाट बोल्नुहुँदै भन्नुभयो- "लामा गुरु र आमा समूह लगायत सबैले बौद्ध धर्म श्रवण गरेर मात्र पुग्दैन चिन्तन मनन गरी आचरण शुद्ध पारी धर्मको महिमा बढाउने काम पनि गर्नुपर्छ ।" उक्त प्रशिक्षण शिविरमा पोखराबाट पनि सहभागीहरूले भाग लिएका थिए ।

बौद्ध जागरण प्रशिक्षण शिविरमा खेन्पो ङवाङ्ग वोशेर लामाले त्रिशरण गमन, पंचशील शुद्ध बुद्धमार्गी हुनका लागि आवश्यक शिक्षाहरू बारे प्रशिक्षण दिनुभयो । त्यसरी नै लोब्पोन ङवाङ्ग लुड्प लामाले सैंतीसी बोधिचर्याको बारेमा प्रशिक्षण दिनुभयो । प्रशिक्षण अवधिमा एकजना सहभागीको जिज्ञासाको लागि खेन्पोले भन्नुभयो -"घर परिवारमा कसैको मरण भएमा कपाल खौरिने र सेतो कपडा लगाउनु पर्ने प्रथा हिन्दू परामपरा हो ।"

अपरान्ह ३ बजे समापन समारोह पश्चात् खेन्पोले सबैको सुस्वास्थ्य एवं सुख शान्तिको कामना गर्नुभयो । उक्त अवसरमा सम्बोधन गर्नुहुँदै पंचमूल सिरुवारी गा.वि.स. अध्यक्ष हर्कबहादुर गुरूङ्गले भन्नुभयो- "बौद्ध जागरण प्रशिक्षण कार्य समय सापेक्ष भएको हामीले महशूस गर्‍यौं । आगामी दिनहरूमा पनि यस जिल्लामा यस्ता कार्यक्रम संचालन गरी जागरण ल्याउने काममा प्रोत्साहन गर्नु राम्रो हुनेछ ।" भू.पु. सांसद रुद्रमान गुरूङ्गले सबैलाई धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

## बौद्ध जागरण

२०५८ बैशाख ८ गते । ललितपुर, लुभु । स्वयम्भू ज्ञानमाला भजन खल:को आयोजनामा र सुवर्ण छत्रपुर विहारको सकृयतामा बौद्ध जागरण कार्यक्रम सम्पन्न भएको समाचार छ । स्वयम्भू ज्ञानमाला भजन खल:का अध्यक्ष श्री शान्तरत्न शाक्यको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमका संचालक भजन खल:का सचिव श्री किरण कुमार जोशी हुनुहुन्थ्यो ।

ज्ञानमाला भजन, बुद्धपूजा र शील प्रार्थना गरी शुभारम्भ गरिएको उक्त कार्यक्रममा भिक्षु तपस्सीले धर्मदेशना गर्नुभएको थियो ।

धर्मदेशना पश्चात् शान्तरत्न शाक्यबाट सुवर्ण छत्रपुर विहारका संस्थापक अध्यक्ष र श्री लोक महर्जन विहारका हाल अध्यक्ष श्री बाबुराम महर्जन, लुभु गाउँ विकास समितिका अध्यक्ष श्री हरी गोविन्द श्रेष्ठ, महालक्ष्मी भैरव गुठीका थकाली बाजे श्री रुद्रलाल श्रेष्ठ र समाज सेवी श्री जीतबहादुर शाहीलाई दोसल्ला ओढाई उपहार सहित सम्मान गर्नुभएको थियो भने उहाँले स्वयम्भू चैत्य (स्तूप) चाँदीको फ्रेम विहारलाई उपहार स्वरूप प्रदान गर्नुभएको थियो ।

सम्मान कार्यक्रम पछि उक्त कार्यक्रममा आ-आफ्ना मन्तव्य व्यक्त गर्नुहुने महानुभावहरू यसरी हुनुहुन्थ्यो -

शान्तरत्न शाक्य (स्वयम्भू ज्ञानमाला भजन खल:का अध्यक्ष), श्री राम गोपाल सिंह (सुवर्ण छत्रपुर विहारका सचिव), प्रा. सुवर्ण शाक्य (सल्लाहकार परिषदका अध्यक्ष), वरिष्ठ अधिवक्ता सर्वज्ञरत्न तुलाधर, लुभु गा.वि.स.का अध्यक्ष श्री हरी गोविन्द श्रेष्ठ र विहारका अध्यक्ष श्री बाबुराम महर्जन आदि । कार्यक्रमको अन्त्यमा सभाका सभापति महोदयले धन्यवाद ज्ञापन गर्नुहुँदै सभा विसर्जन गर्नुभएको थियो ।

भोजन कार्यक्रम पश्चात् स्वयम्भू ज्ञानमाला भजन खल:को तर्फबाट सुवर्ण छत्रपुर विहारलाई सहयोग स्वरूप नगद रू. ६,७५०/- प्रदान गरिएको थियो ।

## मायादेवी मन्दिर संरक्षण कार्य शुभारम्भ

प्रधानमन्त्री गिरीजा प्रसाद कोइरालाले २५४५ औं बैशाख पूर्णिमा तथा लुम्बिनी दिवसका अवसरमा बुद्धको जन्मस्थल लुम्बिनी स्थित मायादेवी मन्दिरको उत्खनित भग्नावशेष संरक्षण कार्यको बैशाख पूर्णिमाको दिन शुभारम्भ गर्नुभएको समाचार छ । प्राप्त समाचार अनुसार प्रधानमन्त्री कोइरालाले उक्त उत्खनित क्षेत्रमा मौर्यकालीन इँटा राखी संरक्षण कार्य शुभारम्भ गर्नुभएको थियो ।

योजना अन्तरगत पहिलो चरणमा उत्खनित भग्नावशेषको संरक्षण, दोश्रो चरणमा उक्त स्थानमा मायादेवी मूर्तिको पुनर्स्थापना र तेश्रो चरणमा गौतम बुद्ध जन्मनु हुँदा पहिलो पटक स्पर्श गर्नुभएको भूमि "मार्कर स्टोन" लाई बुलेट प्रुफ ऐनाले ढाक्ने र मन्दिरमा सुनको छाना राख्ने कार्यक्रम छ । प्राविधिकहरूका अनुसार उक्त कार्य दुई देखि तीनबर्ष सम्ममा सम्पन्न हुनेछ ।

## २५४५ औं बैशाख पूर्णिमाको सप्ताहव्यापी प्रचार प्रसार कार्यक्रम

बुद्ध जयन्ती समारोह समितिले २५४५ औं बैशाख पूर्णिमाको उपलक्षमा रेडियो र टेलिभिजन

मार्फत शील प्रार्थना र प्रवचन कार्यक्रमहरू प्रशारण गरी साप्ताहिक बुद्ध वन्दना कार्यक्रम संचालन गरेको थियो । उक्त कार्यक्रममा भाग लिई सेवा पुऱ्याउनु भएका सहभागीहरू यसरी हुनुहुन्थ्यो -

(क) रेडियो नेपाल मार्फत् साप्ताहिक बुद्ध वन्दना (बैशाख १८-२४)

१. शील प्रार्थना गराउनु हुने श्रद्धेय भिक्षुहरू क्रमश: श्रामणेर सुख, भिक्षु उदयभद्र, भिक्षु भद्दिय, भिक्षु सुशील, भिक्षु तपस्सीधम्म, भिक्षु धर्मसागर, भिक्षु कोण्डन्य आदि ।

२. प्रवचन गर्नुहुने प्रवचकहरू क्रमश: प्रा. सुवर्ण शाक्य, वीर्यवती गुरुमां, भिक्षु सुशील । कुशुम गुरुमां, अरणीतारा बज्राचार्य, श्रामणेर सुख र भिक्षु कोण्डन्य आदि ।
यसको अलावा रेडियो नेपालबाट साप्ताहिक धम्मपद गाथा वाचन पनि गरिएको थियो ।

(ख) नेपाल टेलिभिजनमा साप्ताहिक बुद्ध वन्दना (बैशाख १८-२४ सम्म)

१. शील प्रार्थना गराउनु हुने भिक्षु श्रद्धेयहरू क्रमश: भिक्षु भद्दिय, भिक्षु तपस्सीधम्म, भिक्षु उदयभद्र, भिक्षु निग्रोध, भिक्षु कोण्डन्य, भिक्षु बोधिज्ञान र श्रामणेर सुख आदि ।

२. प्रवचन गर्नुहुने प्रवचकहरू क्रमश: कुसुम गुरुमां, वीर्यवती गुरुमां, भिक्षु कोण्डन्य, भिक्षु बोधिसेन, भिक्षु सुशील, भिक्षु सुदर्शन महास्थविर, भिक्षु सुदर्शन महास्थविर आदि ।

(ग) मेट्रो एफ.एम. १०६.७ मार्फत् साप्ताहिक बुद्ध वन्दना (बैशाख १८-२४ सम्म)

१. शील प्रार्थना गराउनु हुने भिक्षुहरू क्रमश: भिक्षु तपस्सीधम्म, भिक्षु भद्दिय, भिक्षु उदयभद्र, श्रामणेर ज्योतिक, भिक्षु निग्रोध, भिक्षु धर्मसागर र भिक्षु तपस्सीधम्म ।

२. प्रवचन गर्नुहुने प्रवचकहरू क्रमश: भिक्षु अश्वघोष महास्थविर, धम्मवती गुरुमां, भिक्षु कोण्डन्य, भिक्षु अश्वघोष महास्थविर, धम्मवती गुरुमां, भिक्षु सुदर्शन महास्थविर, भिक्षु सुदर्शन महास्थविर ।
यसको अलावा धम्मपद गाथा वाचन गरिएको थियो भने बुद्ध जीवनी साप्ताहिक पनि भिक्षु सुमेधबाट प्रस्तुत गरिएको थियो ।

(घ) सगरमाथा एफ. एम. (१०२.४ MHz)
बुद्धधर्म सम्बन्धि विशेष कार्यक्रम: साप्ताहिक बुद्ध वन्दना सम्वन्धी रिपोटिंङ्ग, बैशाख पूर्णिमा २४ गते सोमवार - प्रत्यक्ष अन्तरकृया । स्वयम्भू-आनन्दकुटी विहारबाट स्थलगत फोन अन लाइन रिपोर्ट ।

(ङ) KATH (९७.९ MHz)
बैशाख १८-२४ सम्म प्रत्येक बिहानी धार्मिक कार्यक्रम शुभप्रभात कार्यक्रम अन्तरगत बौद्ध प्रवचन, वार्ता, प्रत्यक्ष धार्मिक अन्तरक्रिया प्रस्तुत: सहभागी- भिक्षु सुदर्शन महास्थविर, भिक्षु कोण्डन्य, भिक्षु सुशील र भिक्षु निग्रोध ।

(च) कान्तिपुर एफ.एम. (९६.१ MHz)
धार्मिक कार्यक्रम शुभप्रभात बुद्धधर्म सम्वन्धि धार्मिक प्रवचन र अन्य कार्यक्रमहरू प्रस्तुत ।

(छ) मेट्रो एफ.एम. (१०६.७ MHz)
बैशाख पूर्णिमाको दिन बिहान देखि स्वयम्भू र आनन्दकुटी विहारबाट स्थलगत प्रत्यक्ष प्रसारण ।

## राहुल साँकृत्यायनको ३८ औं पुण्यस्मृति दिवस

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुच: नगदेशको संयुक्त आयोजनामा २०५८ बैशाख १ गतेका दिन नगदेश बुद्ध विहारको धम्महलमा बौद्ध जगतमा लोकप्रिय र प्रसिद्ध बौद्ध विद्वान महापण्डित राहुल साँकृत्यायनको ३८ औं पुण्य तिथी (स्मृति दिवस) मनाइएको समाचार छ ।

उक्त सभाका प्रमुख अतिथि केशावती गुरुमांले पञ्चशील प्रार्थना गराउनुका साथै धर्मदेशना गर्नुभएको थियो ।

उक्त सभामा नगदेश बौद्ध समूहका सचिव श्री कृष्णकुमार प्रजापतिले स्वागत भाषण गर्नुहुँदै महापण्डित राहुल साँकृत्यायनको जीवनी र योगदान बारे चर्चा गर्नुभयो ।

बौद्ध ल्यायम्ह पुच: नगदेशका अध्यक्ष श्री शिवभक्त मेजुको अध्यक्षतामा सम्पन्न भएको उक्त सभामा उहाँले प्रमुख अतिथि लगायत आमन्त्रित वर्गलाई धन्यवाद र कृतज्ञता व्यक्त गर्नुभयो । सो सभा बौद्ध ल्यायम्ह पुच: नगदेशका सचिव श्री राजकृष्ण वाडेले संचालन गर्नुभएको थियो ।

## मैत्री संघ पोखरा

२५४५ औं बुद्ध पूर्णिमाको अवसरमा मैत्री संघ पोखराले २४ गते नारायण स्थान स्थित चैत्यमा बाल सचेतना कार्यक्रम अन्तरगत बालबालिका र तिनका अभिभावकको उपस्थितिमा पूजा कार्यक्रमको आयोजना गऱ्यो ।

संघका अध्यक्ष गोविन्द ताम्राकारले सो अवसरमा बुद्धले प्रतिपादन गरेको धर्म शील सदाचार भावनाको अभ्यासबाट एक दिन मात्र भए पनि मनलाई विशुद्ध पारी विकार देखि विमुक्त हुन सकेमा सही बुद्ध जयन्ती मानेको अर्थ लाग्नेछ भन्नुभयो । कार्यक्रमको अन्तरमा ६० जवान बालबालीकाहरू र तिनका अभिभावकहरूलाई जलपान वितरण गरिएको थियो ।


Downloaded from http://www.dhamma.digital

## बुटवलमा बुद्धपूर्णिमा

भगवान बुद्धको २५४५ औं बुद्ध पूर्णिमाको सुखद उपलक्षमा सुश्री विद्यादेवी शाक्यज्यूको संयोजकत्वमा २०५८।१।२२ गते, शनिवारका दिन रूपन्देही जिल्ला मोतिपुर गा.वि.स. वार्ड नं.४ गा.वि.स. भवनमा धर्मोदय सभा बुटवल शाखा र लायन्स क्लब बुटवलको संयुक्त रुपमा एकदिने नि:शुल्क आँखा परिक्षण तथा औषधी वितरण कार्यक्रम राखिएको थियो । उक्त कार्यक्रममा सात बच्चाहरू पुरुष ९७ र महिला २१२ गरी ३१६ जनाको आंखा परिक्षा गरिएको थियो । साथै २०५८।१।२३ का दिन बिहान ८ बजे देखि ११ बजेसम्म धर्मोदय सभा बुटवल शाखाको संयोजक श्री मनोहरी प्रसाद मैनालीज्यूको संयोजकत्वमा पद्म चैत्य विहार बुटवलमा रक्तदान कार्यक्रम पनि सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा ५ जना महिला १६ जना पुरूष गरी जम्मा २१ जना सहभागी थिए भने दुबै कार्यक्रमको अन्तमा आंखा शिविर सम्बन्धित मन्तव्य धर्मोदय सभाका आनन्दमान सिंह शाक्य र गा.वि.स.का उपाध्यक्ष निरबहादुर थापाबाट मन्तव्य दिनु भएको थियो साथै उक्त रक्तदान कार्यक्रममा धर्मोदय सभा बुटवलका सचिव श्री पूर्णकाजी शाक्यज्यू र रेडक्रस सोसाइटी रक्त संचार केन्द्रको श्री प्रेमलाल उदासज्यू बाट रक्तदान सम्वन्धी प्रकाश पार्नु भएको थियो ।

## जनगणना बारे जनचेतना

२०५८ जेठ १ गते ।

युवा बौद्ध समूहद्वारा ५० भन्दा बढी स्थानहरूमा जनगणना सम्बन्धी बौद्ध जागरण र प्रशिक्षण कार्यक्रम संचालन गर्ने कार्यक्रम राखिए अनुसार धर्मकीर्ति विहारमा पनि जेष्ठ १ गते धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी र युवा बौद्ध समूहको संयुक्त आयोजनामा जनगणना सम्बन्धी जनचेतना कार्यक्रम संचालन गरिएको थियो ।

उक्त दिन ध.बौ.अ. गोष्ठीको सचिव श्री इन्द्र कुमार नकर्मीज्यूले स्वागत भाषण गर्नुभएको थियो ।

आ-आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा सर्वप्रथम धर्मोदय सभाका अध्यक्ष, धर्मकीर्ति बौ.अ. गोष्ठीका सल्लाहकार श्री लोकदर्शन बज्राचार्यज्यूले भन्नुभयो "हाम्रो देशमा जन्मजात बौद्ध कहलिएको संख्या ५६.७% छ भनेर कितावमै उल्लेख गरिएको छ भने २०४८ को जनगणनामा बौद्धहरूको संख्या मात्र ७.८% देखाइएको थियो । यस्तो हुनुको मुख्य कारण बौद्धहरूमा जनगणना सम्बन्धी जनचेतना नभएर भएको हो । हामीले यस वर्ष हुन गइरहेको (२०५८ सालको) जनगणनामा हामी आफूले पनि बौद्ध धर्म भनेर लेख्यौं र अरुलाई पनि लेख्न लगायौं भने मात्र सही तथ्यांक प्राप्त गर्न सकिने छ ।

त्यस्तै गरेर धर्मोदय सभाका महासचिव प्रा. सुवर्ण शाक्यज्यूले भन्नुभयो "हामीले सत्य तथ्य कुरा भनेर त्यही अनुसार सही तथ्यांक उपलब्ध भएमा मात्र संख्याको आधारमा बौद्धहरूको लागि कुन कुन कुराको आवश्यक भएको हो र सरकारले ती आवश्यकताहरू पुरा गर्ने तर्फ कदम चाल्नेछ ।

युवा बौद्ध समूहका अध्यक्ष शान्तारत्न शाक्यले भन्नुभयो "घरघरमा जनगणना लिन आउने समयमा हामी सतर्क हुनु आवश्यक छ । वि.सं. २००९ सालको जनगणनामा बौद्धहरूको संख्या १७% देखाइएको छ भने पछि गएर २०४८ सालमा ७.८% मात्र देखाइएको छ । हामीले सत्य कुरा भनेर सही तथ्यांक लिनु आवश्यक छ । किनभने हाम्रो देशलाई अरु देशका जनताले बुद्ध जन्मेको देश भनेर चिन्छन् र उनीहरूले अनुमान गर्दछन् कि यो देशका धेरैजसो जनताहरू बौद्ध होलान् भनेर । तर आश्चर्य ! हिन्दूहरूको संख्या धेरै देखाइएको कारणले गर्दा हिन्दूहरूलाई मात्र धेरै सुविधा प्राप्त हुन गयो । त्यसैले हाम्रो सही कुराबाट सरकारले सही तथ्यांक प्राप्त गरेर त्यही अनुसार बौद्ध धर्म विकास गर्नमा टेवा पुग्दछ ।

अन्तमा युवा बौद्ध समूहका सचिव श्री मदन तुलाधरज्यूले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

धम्मवती गुरुमांको सभापतित्वमा संचालित उक्त कार्यक्रममा ध.बौ.अ. गोष्ठीका सदस्य श्री श्यामलाल चित्रकारले उद्घोषण गर्नुभएको थियो ।

## २५४५ औं बुद्धपूर्णिमा उत्सव सम्पन्न

नेपाल अधिराज्यका विभिन्न स्थानहरूमा बैशाख २४ गते विभिन्न संघ संस्था एवं बुद्ध शिक्षा अनुयायीहरूले २५४५ औं बुद्धपूर्णिमा उत्सव मनाएका समाचारहरू प्राप्त भइरहेका छन् । प्राप्त समाचारहरू यसरी छन् -

### गौतमी विहार लुम्बिनी

धर्मकीर्ति विहार श्रीघ: नघ:को आयोजनामा २५४५ औं बुद्धपूर्णिमाको उपलक्षमा लुम्बिनीस्थित गौतमी विहारको धर्म हलमा १०० जवान योगीहरूले ध्यान भावना, प्रवचन र बुद्धपूजा कार्यक्रममा सहभागी भएका थिए । लुम्बिनीमा आयोजित सो कार्यक्रममा काठमाडौंदेखि सरिक हुन पुगेका ती उपासक उपासिकाहरूका लागि धम्मवती गुरुमांले धर्मदेशना र ध्यान भावनाको कार्यक्रम संचालन गर्नुभएको थियो ।

यसरी नै बैशाख पूर्णिमाको पावन दिनमा गौतमी विहारले लुम्बिनी क्षेत्रमा निर्मित नेपाली र विदेशी विहारहरू (थाई, बर्मी, श्रीलंका, चाइनिज, महाबोधी सोसाइटी, कोरिया, नेपाल आदि) बाट भोजनको लागि पाहुनाहरू निमन्त्रणा गरिएको थियो । आमन्त्रित प्रत्येक पाहुनाहरूलाई धर्मकीर्ति विहारका उपासक उपासिकाहरूले

तन्ना एक थान र बोधिसत्त्वको चित्र अंकित (राजकुमार महासत्त्व नमो बुद्धको चित्र सहितको) चाँदीको फ्रेम एक थान उपहार स्वरूप प्रदान गरेका थिए ।

**धर्मकीर्ति विहार, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी, काठमाडौं**

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको आयोजनामा धर्मकीर्ति विहारमा बैशाख २३, २४ र २५ गते तीन दिने बुद्धपूजा कार्यक्रम संचालन गरी गुरुमांहरूको तर्फबाट धर्मदेशना गराइएको थियो ।

यसरी नै बैशाख २४ गतेका दिन धर्मकीर्ति विहारको तर्फबाट वीर अस्पतालका बिरामीहरू र पशुपतीस्थित बृद्धाश्रममा रहेका बृद्ध बृद्धाहरूलाई बिस्कुट वितरण गरिएको थियो ।

**बनेपा**

बैशाख २४ गते विहान स्थानिय सुदर्शन विहार बाट भव्यरुपमा सजाइएको खटमा बुद्धमूर्ति राखी विभिन्न बाजागाजा सहित बनेपा नगर परिक्रमा गरी बोधिचर्या विहारमा पुगी विसर्जन गरियो ।

भिक्षुहरू लामाहरू र हजारौं भक्तजनहरूको सहभागिता रहेको उक्त शोभायात्रा बोधिचर्या विहारमा पुगी सभामा परिणत भएपछि भिक्षु बोधिसेन महास्थविरले पञ्चशील प्रार्थना गराउनुका साथै बुद्ध पूजा संचालन गराउनु भएको थियो । सो सभामा भिक्षु अश्वघोष महास्थविरले धर्मदेशना गर्नुहुँदै भन्नुभयो- "बुद्ध आफू स्वयं शान्त दान्त र ज्ञानी हुनुभई अरुलाई पनि ज्ञानी बन्नुपर्ने उपदेश दिनुभएको हुनाले हामीले पनि बुद्धपूर्णिमाको दिन ज्ञानी बन्ने शिक्षा लिनु राम्रो हुनेछ । त्यसैले बैशाख पूर्णिमाको एकदिन भएपनि हामीले आफ्नो झगडालु स्वभाव त्यागौं ।"

कार्यक्रम समापन पश्चात् कार्यक्रममा सहभागी हुनु भएका सबैलाई जलपान गराइएको थियो ।

बुद्ध पूर्णिमाको दिन बनेपा नगर बौद्ध झण्डाले सुशोभित देखिएको थियो ।

**स्थानिय अस्पतालमा फलफूल वितरण**

पहिले जस्तै यसपाली पनि बुद्धपूर्णिमाको उपलक्षमा बनेपाको स्थानीय श्री मेमोरियल अस्पतालमा उपचार गराइरहेका विरामीहरू र सेवक सेविकाहरूलाई ध्यानकुटी विहारको तर्फबाट फलफूल र बिस्कुट वितरण गरी स्वास्थ्य लाभको कामना गरिएको थियो ।

**काठमाडौं – (जनचेतना)**

२५४५ औं बुद्ध पूर्णिमाको अवसरमा द एक्स्प्लोर नेपाल ग्रुप र सेन्टेनियल सेकेन्डरी स्कुल बौद्धद्वारा संयुक्त रुपमा आयोजित स्थानिया क्षेत्र सरसफाई एवं प्लास्टिकको झोलाबाट उत्पन्न प्रदूषणको बारेमा जन चेतना जागृत गर्ने वातावरण संरक्षण सम्बन्धी दुईदिने कार्यक्रम सम्पन्न गरिएको समाचार छ ।

प्राप्त समाचार अनुसार कार्यक्रममा आइतबार बौद्धनाथको स्तुप क्षेत्र, बौद्ध बिपलबोट, वडा प्रहरी कार्यालय क्षेत्रमा वृहत सरसफाई गरिएको छ भने सोमबार बौद्ध पिपलबोट देखि जोरपाटी बौद्ध स्तुप हुँदै वडा प्रहरी कार्यालयसम्म वातावरणीय न्यालीको आयोजना गरिएको थियो । यही सिलसिलामा स्थानिय वासिन्दा तथा पसलहरूमा सहभागी तथा विद्यार्थीहरूले वातावरणीय सन्देशहरू प्रवाह गर्नुका साथै पोलिथिनका झोला त्याग्न आग्रह गरेका थिए । सेन्टेनियल सेकेन्डरी स्कुलका विद्यार्थीहरूले तयार पारेका कागजका झोला, कागजका थुंगा लगायत वातावरण मैत्री उत्पादनहरूको प्रदर्शनी समेत गरिएको थियो ।

२५४५ औं बुद्ध पूर्णिमाको अवसरमा द एक्स्प्लोर नेपाल ग्रुप, ललितपुर उप-महानगरपालिका ४ वडा समिति र नेपाल प्रदूषण नियन्त्रण केन्द्रको संयुक्त आयोजनामा ललितपुरको धोविघाट क्षेत्रमा आइतबार वृहत सरसफाई तथा वातावरणीय जागरण अभियान सञ्चालन गरिएको पनि समाचार छ ।

**आनन्दकुटी विहार काठमाडौं**

बुद्ध जयन्ती समारोह समितिको आयोजनामा आनन्दकुटी विहार स्वयम्भूमा प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको प्रमुख आतिथ्यमा सार्वजनिक बौद्ध सभा सम्पन्न भएको थियो ।

सोही दिन आनन्दकुटी विहारमा अवस्थित श्रीलंकाली चैत्य मुनि राखिएको श्रीलंकाबाट ल्याइएको बुद्धको अस्थिधातु सर्वसाधारणलाई प्रदर्शनका लागि खुला गरिएको थियो ।

आनन्दकुटी विहारमा नै बिहान बुद्धपूजा, धर्मदेशना, खुल्ला रक्तदान कार्यक्रम, भिक्षु, भिक्षुणीहरू र हजारौं श्रद्धालु उपासकोपासिकाहरूलाई क्षीर भोजन गराइएको थियो ।

आनन्दकुटी विहार माथि रहेको स्वयम्भू महाचैत्यमा पनि बुद्धपूजा र धर्मदेशना एवं अन्य विविध कार्यक्रम संचालन गरिएको थियो ।

उक्त अवसरमा प्रधानमन्त्री लगायत भिक्षु सुदर्शन महास्थविर, नेपालका लागि श्रीलंकाली राजदूत पामेल जयशंकराडीन लुम्बिनी विकास कोषका उपाध्यक्ष ओमकार गौचन, सँस्कृत पर्यटन तथा नागरिक उड्डयन मन्त्री ओमकार प्रसाद श्रेष्ठ, बर्माका राजदूत उ तिन विन आदिले आ-आफ्ना मन्तव्य व्यक्त गर्नुभएको थिए । सो समारोहमा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री रामकृष्ण ताम्राकार, भूमिसुधार तथा व्यवस्था मन्त्री सिद्धराज ओझा आदिको पनि उपस्थिती थियो ।



Downloaded from http://www.dhamma.digital

**काठमाडौं – (अस्थिधातु शोभायात्रा)**

बुद्ध जयन्ती समारोह समितिको परम्परा अनुसार प्रत्येक तीन वर्ष पछि बुद्ध पूर्णिमाको दिन पवित्र अस्थिधातु र बुद्ध प्रतिमालाई दुई घोडे बग्गीमा विराजमान गराई विभिन्न साँस्कृतिक बाजागाजाका साथ हजारौंको संख्यामा श्रद्धालु भक्तजनको सहभागितामा अस्थिधातु शोभायात्रा नगर परिक्रमा गराइने कार्यक्रम अनुसार यसपाली पनि २५४५ औं बुद्ध पूर्णिमाको उपलक्षमा सोमबार भगवान् बुद्धको पवित्र अस्थिधातुको शोभायात्राले काठमाडौं नगरको विभिन्न स्थानहरू परिक्रमा गरियो ।

विविध साँस्कृतिक बाजागाजाका साथ निस्केको उक्त शोभायात्रामा संघ संस्था भिक्षु भिक्षुणी उपासक उपासिका र श्रद्धालु भक्तजनहरूको सहभागिता रहेको थियो । उक्त अस्थिधातुलाई नगर परिक्रमा पछि सोमबार आनन्दकुटी विहार स्वयम्भूस्थित श्रीलंकाको चैत्यमा पुनर्स्थापना गरियो ।

**काठमाडौं (प्रवचन)**

राष्ट्रिय तमु (गुरुङ्ग) समन्वय परिषद्ले बुद्ध पूर्णिमाको उपलक्षमा प्रवचन कार्यक्रम सम्पन्न गरियो । समन्वय परिषद्का सल्लाहकार तोरणबहादुर गुरुङ्गको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा समन्वय परिषद सदस्य अमरबहादुर गुरुङ्गले गुरुङ्ग जातीय पहिचान र राष्ट्रिय जनगणना - २०५८ नामक प्रतिवेदनको विमोचन गर्नुभएको समाचार छ ।

**कीर्तिपुर**

भगवान बुद्धको २५४५ औं जयन्ती तथा ग्वाहाली खल: सामाजिक संस्थाको १७ औं वार्षिकोत्सवको उपलक्षमा कीर्तिपुर पर्खाल (ऐतिहासिक किल्ला) भित्रका विभिन्न टोलका साँस्कृतिक बाजा, दाफा, भजन र द्यो प्याखँ (देवी नाच) का ३४ जवान गुरुहरूलाई सम्मान गरिएको समाचार छ ।

**नगदेश**

२५४५ औं बुद्ध पूर्णिमाको उपलक्षमा नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुच: नगदेशको संयुक्त आयोजनामा सम्पन्न भएको कार्यक्रमका प्रमुख अतिथि भिक्षु धम्मशोभन महास्थविरको तर्फबाट प्रवचन केशावती गुरुमांको तर्फबाट बुद्धपूजा संचालन गरिएको थियो । समूहका अध्यक्ष ज्ञानकुमार वाडेको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नगदेश बौद्ध समूहका सचिव कृष्णकुमार प्रजापतिले पनि बुद्ध पूर्णिमाको महत्त्व बारे आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो ।

कार्यक्रम समापन पश्चात् बुद्धमूर्ति सजाइएको खटमा बाजागाजा सहित ज्ञानमाला भजनका सदस्यहरू, उपासक उपासिकाहरू, विद्यार्थी र सर्वसाधारण जनता सम्मिलित भएको शोभायात्राले नगदेश परिक्रमा गरिएको थियो ।

**काठमाडौं, श्री गणेश युवा क्लब लगन**

नायपाचो टोलको आयोजनामा काठमाडौं महानगर पालिका २१ वडाका वडा अध्यक्ष विद्या सुन्दर शाक्यको प्रमुख आतिथ्यमा र क्लबका प्रमुख अष्टनारायण महर्जनको सभापतित्वमा रक्तदान कार्यक्रम संचालन गरिएको छ । जम्मा ४२ जवान रक्तदाताहरूले रक्तदान गरेको उक्त कार्यक्रममा डा. गोपेश कुमार वकुरले रक्तदानको महत्त्व बारे प्रकाश पार्नुभएको थियो ।

**बाग्लुङ्ग**

युवा मिलन क्लबको आयोजनामा तथा वाइटुके कम्प्यूटर होमको प्रायोजनमा जिल्लास्तरिय विद्यालय चित्रकला प्रतियोगिता ज्ञानोदय बुद्ध विहारमा सम्पन्न भएको समाचार छ । उक्त प्रतियोगितामा ४२ जवान सहभागीहरूले भाग लिएका थिए ।

**नवल परासी**

नवलपरासी जिल्लाको परासीस्थित रामग्राम स्तूपमा बुध्सी नो काई जापान र रामग्राम नगर पालिकाद्वारा संयुक्तरुपमा आयोजित कार्यक्रममा उपप्रमुख शिवशंकर प्रसाद राय, पूर्व मन्त्री के.वी. शाही, पूर्वमन्त्री मदनबहादुर प्रधान लगायतका वक्ताहरूले बुद्ध शिक्षाको महत्त्व बारे चर्चा गर्नुभएको समाचार छ ।

**हेटौंडा- प्रज्ञा महाविहार**

२०५८ बैशाख २३ र २४ गते ।

प्रज्ञा महाविहार, ओम शान्तिपथ-१, चौकी टोल, हेटौंडा । मकवानपुर जिल्ला, हेटौंडा न.पा. स्थित ओम शान्तिपथ-१, चौकी टोलमा स्थानिय जन सहयोगबाट जग्गा खरीद गरी तयार गरिएको नव निर्मित प्रज्ञा महाविहारमा काठमाडौं स्थित धर्मकीर्ति विहारबाट आउनु भएका वीर्यवती गुरुमां र ध्यानवती गुरुमांको प्रमुख आतिथ्यमा हर्षोल्लासपूर्वक २५४५ औं बुद्ध पूर्णिमा मनाइएको छ ।

पहाडको फेदीमा अवस्थित प्रज्ञा महाविहारको हाताभित्र बैशाख २३ र २४ गते दुई दिनसम्म प्रवचन, ज्ञानमाला भजन र दीपावली गरी बुद्ध पूर्णिमा महोत्सव मनाइएको थियो ।

यसरी नै हेटौंडा निवासी सुनकुमार मानन्धर प्रमुख सपरिवारको तर्फबाट प्रज्ञा महाविहारमा स्थापित ढलौटको बुद्ध मूर्ति अगाडि बैशाख २४ गतेका दिन बिहान विहारमा उपस्थित थुप्रै उपासक उपासिकाहरूले बुद्धपूजा गरी आ-आफ्ना श्रद्धा र भक्ति व्यक्त गरेका थिए ।

बुद्धपूजा कार्यक्रम पश्चात् बुद्धमूर्ति सजाइएको खट अगाडि र पछाडि क्रमबद्धरुपमा पंक्ती लगाई बसेका

सयौं उपासक-उपासिकाहरू बिशिष्ट महानुभावहरू, संघ-संस्थाका प्रतिनिधिहरू लगायत शिक्षक-शिक्षिकाहरू र स्कुलका विद्यार्थीहरूको ऱ्यालीले प्रज्ञा महाविहारबाट निस्केर हेटौंडा नगर परिक्रमा गरी पुन: विहारमा फर्की जलपान समारोहमा भाग लिएका थिए ।

बैशाख २३ र २४ गते संचालित दुईदिने प्रवचन कार्यक्रमका संचालक विहारका सचिव पवन शाक्य हुनुहुन्थ्यो भने प्रवचक वीर्यवती गुरुमां हुनुहुन्थ्यो । दुईदिने प्रवचनको क्रममा वीर्यवती गुरुमांले भन्नुभयो- "हुन त भगवान बुद्धले भक्तिमार्गलाई भन्दा ज्ञानमार्गलाई प्राथमिकता दिनु भएको छ । तैपनि बुद्ध शिक्षारुपी ज्ञानमार्ग प्रचार गर्ने सिलसिलामा मानिसहरूको ध्यान आकर्षण गर्नको लागि र बुद्धगुण स्मरण गर्दै उहाँप्रति श्रद्धा व्यक्त गर्नको लागि हरेक वर्ष बुद्ध पूर्णिमा महोत्सव तडक भडकका साथ मनाइने गरिन्छ ।

जे होस्, हामीले बुद्धको प्रमुख शिक्षालाई मध्य नजर राखी आफूलाई भक्ति मार्गमा मात्र नअल्मलाई आ-आफ्ना खराव बानी व्यवहारहरूलाई आफैले महशूस गरी सुधार्दै लानु परेको छ ।

त्यति मात्र होइन हामी आफ्नो राम्रो लक्षतर्फ बढिरहेको अवस्थामा हाम्रो सहन शक्तिलाई परीक्षा लिनको लागि आइपर्ने विभिन्न बाधा अड्चनहरूलाई हामीले क्रोध भावनाले होइन मैत्री र उपेक्षा (तटस्थ) भावना जगाई डटेर सामना गर्न सिकौं । यसको लागि हामीले आफ्नो मनलाई अष्टलोक धर्म (यश-अयश, निन्दा-प्रशंसा, सुख-दु:ख, लाभ-अलाभ) ले विचलित नपारी हरेक क्षण हरेक अवस्थामा सन्तुलन राख्न सिकौं । यस्तो गर्न सकेमा मात्र हामीले साँचो सुखको रुपमा मानसिक शान्ति प्राप्त गरी ठीक तरिकाले बुद्ध पूर्णिमा मनाएको ठहरिने छ । यसले गर्दा बुद्ध र बुद्ध पूर्णिमाको महत्त्व अझ बढ्दै जानेछ ।"

कार्यक्रमको अन्त्यमा प्रज्ञा महाविहारका कोषाध्यक्ष गुणराज शाक्य र उपाध्यक्ष बुद्धरत्न शाक्यले पनि आ-आफ्ना मन्तव्य व्यक्त गर्नु भएका थिए भने सविच पवन शाक्यले धन्यवाद ज्ञापन गरी सभा विर्सजन गर्नुभएको थयो ।

## हाडिगाउँ (का.म.न.पा.वडा नं.५)

काठमाडौं महानगर पालिका वडा नं. ५ हाडिगाउँमा बुद्ध पूर्णिमाका दिन साँस्कृतिक बाजागाजाहरू, स्कुलका विद्यार्थीहरू र वडा निवासीहरूले बुद्धप्रतिमा सजाइएको रथसहित वडा परिक्रमा गरी २५४५ औं बुद्ध पूर्णिमा समारोह सम्पन्न गरियो । रथ यात्रापछि संचालित बौद्ध सभामा धर्मकीर्ति विहारबाट आउनु भएका जयवती गुरुमांले उपस्थित जनसमूहलाई शील प्रार्थना गराउनु भएको थियो । उक्त सभाका प्रमुख अतिथि का.म.न.पा. का मेयर श्री केशव स्थापितले स्कुलहरू र साँस्कृतिक बाजागाजाहरूलाई उपहार प्रदान गरिसकेपछि आफ्नो मन्तव्य प्रकट गर्ने क्रममा भन्नुभयो- "मेयरको कर्त्तव्य पालन गर्ने क्रममा धेरै मानिसहरूको विभिन्न कुराहरू सुन्नुपर्दा बहुलाउन पनि बेर लाग्दैनथ्यो । तर भगवान बुद्धले सिकाउनु भएको उपेक्षा भावको अनुशरणले गर्दा चित्त विचलित नपारी शान्त पार्न सफल हुने गर्थें । उक्त सभामा प्रमुख वक्ताको रुपमा श्री मदन रत्न मानन्धरले अकुशल धर्महरू नगर्ने, कुशल कर्महरू गर्ने र आफ्नो चित्तलाई शुद्ध पार्ने इत्यादि विषयमा भगवान् बुद्धले दिनुभएका प्रमुख उपदेशहरूको सम्बन्धमा ब्याख्या गर्नुभएको थियो । सम्पूर्ण क्लेशहरूलाई दमन गर्नु भई आफू स्वयमले ज्ञान लाभ गर्नुभएको कारणले सिद्धार्थ कुमार भगवान बुद्ध हुनुभयो । त्यसैले उहाँलाई अरहत सम्यक सम्बुद्ध भनिन्छ भन्नुहुँदै २५४५ औं बुद्ध जयन्ती समारोह समिति हाँडिगाउँका महासचिव श्यामलाल चित्रकारले "नमो तस्स भगवतो अरहतो सम्मा सम्बुद्धस्स" श्लोकको अर्थ बताउनु हुँदै उपस्थित अतिथीहरूलाई स्वागत भाषण गर्नु भएको थियो ।

सभाका सभापतिको आशनबाट समितिका अध्यक्ष श्री सूर्यलाल प्रजापतीले धन्यवाद ज्ञापन गर्नुहुँदै सभा विसर्जन गर्नुभएको थियो । सो सभा श्री कृष्ण बहादुर डंगोलले संचालन गर्नुभएको थियो ।

## त्रिशूली (श्री सुगतपुर विहार)

महामानव गौतम बुद्धको जन्म, बोधिज्ञान लाभ तथा महापरिनिर्वाण हुनुभएको त्रिसंयोगको उपलक्षमा श्री सुगतपुर विहार त्रिशूलीमा सुगत बौद्ध मण्डलको आयोजनामा २५४५ औं बुद्ध पूर्णिमा भव्यरुपले सम्पन्न गरिएको समाचार छ ।

उक्त दिन बिहान भिक्षु विमलानन्द महास्थविर समक्ष शील प्रार्थना गरी बुद्धप्रतिमा समक्ष बुद्धपूजा गरिएको थियो । उक्त कार्यक्रममा भिक्षु विमलानन्द महास्थविरले धर्मदेशना गर्नुहुदै भन्नुभयो- "अमूल्य मनुष्य जुनि पाएको बेला आफ्नो चित्त शुद्ध र पवित्र पारी कुशल कार्य गर्दै जानु पर्छ । कुन बेला कहाँ मरण हुन्छ कसैले भन्न सक्दैन ।"

सो समारोहमा मन्तव्य व्यक्त गर्ने क्रममा सुगत बौद्ध मण्डलका अध्यक्ष बोधिरत्न शाक्यले अहिलेको परिस्थितीमा भगवान बुद्धको शिक्षा अति सान्दर्भिक छ भन्नु हुँदै कोलीय र शाक्यहरू बीच रोहिणी नदीको पानी विषयमा लिई युद्ध हुन लागेको समयमा बुद्ध त्यहाँ पुग्नु भई दुवै थरीका शाक्य पुत्रहरूलाई पानीको मूल्य बढि छ कि रगतको मूल्य बढि छ भन्नु हुँदै धर्मदेशना गरी दुबै समूहलाई शान्त पार्नुभएको घटना प्रस्तुत गर्नुभयो ।



Downloaded from http://www.dhamma.digital

उक्त दिन दिउँसो बुद्धप्रतिमा रथमा सजाई बाजागाजा सहित नगर परिक्रमा सम्पन्न गरी उपासक उपासिकाहरूलाई प्रसाद वितरण गरिएको थियो । साँझपख दीप प्रज्ज्वलन गरी बुद्धपूजा र पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो ।

**पोखरा, (धर्मशीला विहार)–**

बैशाख २४ गते । काठमाडौंका धर्मकीर्ति विहार बाट अतिथीका रुपमा पाल्नुभएका अनुपमा गुरुमां, सुखवती गुरुमां लगायत उपासिका मीनरवती तुलाधरको समुपस्थितीमा कार्यक्रम संचालन गरियो । बिहान अनुपमा गुरुमांले पञ्चशील प्रार्थना गराउनु भई बुद्धपूजा संचालन गराउनु भयो । बुद्धपूजा पश्चात् सजाइएको बुद्धमूर्ति सहित पोखरा निवासी थुप्रै उपासक उपासिकाहरू र तामाङ्ग, गुरुङ्ग समुदायले नगर परिक्रमा गरियो । उक्त सभामा उपस्थित सबै सहभागीहरूलाई शोम बज्राचार्य सहित अन्य बज्राचार्यहरूको तर्फबाट जलपान, भोजन गराइएको थियो । बिन्दवासिनी मञ्चमा अनुपमा गुरुमांको तर्फबाट शील प्रार्थना गराई दीप प्रज्ज्वलन कार्य समापन गरियो ।

पुष्प प्रदर्शनी प्रतियोगितामा पहिलो, दोश्रो र तेश्रो भएका विजयी प्रतियोगीहरूलाई पुरस्कार प्रदान गरिएको थियो ।

यसरी नै अक्षय कोषका लागि पाँचहजार देखि दश हजार रकम चन्दा दिने दाताहरूलाई काठमाडौंबाट पाल्नु भएका बौद्ध विद्वान डा. सानुभाई डंगोलको तर्फबाट प्रमाण पत्र पनि वितरण गरिएको थियो ।

सो कार्यक्रममा डा. सानुभाई डंगोल, पोखरा उपमेयर, प्रकाश वज्राचार्य र अन्य विद्वानवर्गहरूबाट आ-आफ्ना मन्तव्य व्यक्त गरिएका थिए । सो समारोहमा अनुपमा गुरुमांले प्रवचन गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा विक्रम शाक्यले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

सोही दिन बेलुकी ७ बजे दीपयात्रा गरी धर्मशीला विहारमा पुगी कार्यक्रम समापन गरिएको थियो ।

**चैनपुर, संखुवासभा (श्री बोधिसत्त्व विहार)**

धर्मोदय सभा चैनपुर शाखाका अध्यक्ष श्री गंगा शाक्यको अध्यक्षतामा गठीत ९ सदस्यीय २५४५ औं बुद्ध जयन्ती समारोह समितिले साप्ताहिक कार्यक्रमको आयोजना गरी २५४५ औं बैशाख पूर्णिमा महोत्सव सम्पन्न गरेको समाचार छ । उक्त कार्यक्रममा काठमाडौंबाट डा. अनोजा गुरुमां र उपासिका माधुरी शाक्यको पनि उपस्थिती रहेको थियो ।

बैशाख २३ गते साँझ सिद्ध विहारमा भेला भई बुद्ध चोकमा बौद्ध भजन पछि धर्मदेशना कार्यक्रममा बोल्नु हुँदै अनोजा गुरुमांले बुद्धधर्म सामाजिक धर्म हो भन्ने विषयमा प्रवचन गर्नुभएको थियो । उक्त कार्यक्रममा महिला बौद्ध संघ चैनपुरका अध्यक्ष सुश्री सुमना देवी शाक्यले अनोजा गुरुमां र उपासिका श्रीमती माधुरी शाक्यलाई स्वागत गर्नुहुँदै शील, समाधि र प्रज्ञाको बारेमा व्याख्या गर्नुहुँदै बैशाख पूर्णिमा समारोहका लागि चन्दा दिई सहयोग गर्नुहुने महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

बैशाख २४ गते बिहान बोधिसत्त्व विहारमा भेला भई शील प्रार्थना, बुद्धपूजा पश्चात् अनोजा गुरुमांबाट बैशाख पूर्णिमा विषयमा प्रवचन गर्नुभएको थियो । सो कार्यक्रममा संखुवा सभाको माननीय जिल्ला न्यायाधिश श्री मोहन रमण भट्टराईज्यूबाट बुद्धको उपदेशलाई व्यवहारमा उतार्नु पर्ने आवश्यकता विषयमा बताउनु हुँदै शुभकामना व्यक्त गर्नुभएको थियो । शुभकामना सन्देशको क्रममा क्रमश: महिला बौद्ध संघका अध्यक्ष सुश्री सुमना देवी शाक्य, युवा बौद्ध संघका अध्यक्ष कृष्ण मोहन शाक्य लगायत समारोह समितिका अध्यक्ष श्री गंगा शाक्यज्यूले शुभकामना व्यक्त गर्नु हुँदै काठमाडौंबाट पाल्नु हुने अनोजा गुरुमां र उपासिकाज्यूमा कृतज्ञता ज्ञापन गर्नुभयो । उक्त कार्यक्रमका उद्घोषक श्री प्रमोद शाक्यज्यूले पनि शुभकामना सन्देश व्यक्त गर्नु भएको थियो । कार्यक्रम पश्चात् बजार परिक्रमा र कल्पवृक्षमा जल चढाउने कार्यक्रम र प्रसाद वितरण गरिएको थियो ।

दिउँसो बाल-बालिकाको लागि कल्पबृक्ष दान पछि साँझ प्रतियोगिता साहित्य तथा संगीत गोष्ठी र पुरस्कार वितरणको कार्यक्रम संचालन गरिएको थियो ।

कार्यक्रममा जनार्दन नेपाल, पासाङ्ग, बल प्रमोद शाक्य, सुमन ताम्राकार, सञ्जीव ताम्राकार तथा उत्तम शाक्यद्वारा सामुहिक रुपमा स्वागत गान प्रस्तुत गरेका थिए । संजोग शाक्य, विष्णुमाया तामाङ्ग र अशोक कल्पित कविता प्रतियोगितामा क्रमश: प्रथम, द्वितीय र तृतीय भएका थिए । त्यस्तै सविन शाक्य, रक्षा शाक्य र सृष्टि श्रेष्ठ कथातर्फ क्रमश: प्रथम, द्वितीय र तृतीय भएका थिए ।

यसरी नै विष्णुमाया तामाङ्ग, रुप्सना शाक्य लगायत साथीहरू र अशोक कल्पित क्रमश : प्रथम दोश्रो र तेश्रो भएका थिए । पुरस्कार सौजन्य स्वरूप प्राप्त भएको थियो ।

# धरानमा २५४५ औं बुद्ध पूर्णिमा उत्सव सम्पन्न

२५४५ औं बुद्ध पूर्णिमा भव्यताका साथ सम्पन्न गर्न बुद्ध विहार धरान-८ का अध्यक्ष श्रीमती विष्णुदेवी श्रेष्ठज्यूको अध्यक्षता तथा सचिव मे. खड्ग बहादुर मोक्तानज्यूको मूल संयोजकत्वमा "बौद्ध सप्ताह कार्यक्रम" बडो हर्ष उल्लासका साथ भव्यरुपले सम्पन्न भयो ।

**१. शान्ति पद यात्रा :**

२०५८-१-१८ गते बुद्ध जयन्तीको सुखद उपलक्ष्यमा बुद्ध विहार धरान - ८ को आयोजनामा धरानस्थित सम्पूर्ण बौद्ध संस्थाहरू, नेपाल बौद्ध गुम्बा हिमालयन महायान देच्छेन छ्योलिङ्ग, गुम्बा, हिमालयन महायान रिन्छेन छ्योलिंग गुम्बा, शेर्पा संघ, जनजाती महासंघ, मगर संघ स्वयम्भू चैत्य महाविहार, सम्यक शिक्षा समूह आदी संस्थाहरू संयुक्त भएर २५४५ औं बुद्ध जयन्तीको पावन अवसरमा "सकल जगतलाई मैत्री मंगल कामना" गर्दै शान्तिपद यात्राको कार्यक्रम सम्पन्न भयो । बुद्ध विहारमा प्रमुख अतिथी भिक्षु छविकीर्तिद्वारा "शान्ति दीप प्रज्ज्वलन" गरी समुद्घाटन गरिएको थियो।।

**२. कल्पवृक्ष दान तथा अनाथ बालबालिकालाई भोजन दान :**

दोश्रो दिन श्रीमती चन्द्रमाया ताम्राकारको संयोजकत्वमा बुद्ध विहार धरान - ८ मा सरस्वती बाल अनाथ आश्रमका बालबालिकाहरूलाई भोजन दान, पाठ्य सामाग्री, विस्कुट आदी प्रदान गरियो । त्यस्तै दोश्रो चरणमा "कल्पवृक्ष दान" अन्तर्गत अनाथ बालिका समेत गरी करीब १५० देखि २०० सम्म बाल-बालिकालाई कपि, पेन्सिल, चकलेट, खाद्य सामाग्री, फलफूल अन्य वस्तुहरू दान गर्ने कार्यक्रम सम्पन्न भयो ।

**३. मणिहर्ष ज्योति स्मृति :**

*खुल्ला बुद्ध भजन प्रतियोगीता :-*

२०५८ बैशाख २१ गते ज्ञानमाला संघ, सुनसरी, बुद्ध विहार धरान-८ आयोजनामा ऐतिहासिक पूर्वाञ्चलव्यापी "मणिहर्ष ज्योति स्मृति" खुल्ला बुद्ध भजन प्रतियोगीता सम्पन्न भयो ।

यस कार्यक्रममा सत्य शिशु निकेतन स्कूलले प्रथम, पूर्वाञ्चल ज्ञानचक्षु विद्यालय दोश्रो तथा संगीत साधना केन्द्र तेश्रो र समिट बोर्डिङ्ग स्कूलले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए । पुरस्कारको राशी क्रमश: ३००१।-, २००१।-, १००१।- र ५०१।- साथै प्रमाण पत्र रहेको थियो । ज्ञानमाला संघकी अध्यक्ष रमना श्रेष्ठको सभापतित्वमा धरान नगर उपप्रमुख कृष्ण नारायण पालेखे प्रमुख अतिथि रहनु भएको सो कार्यक्रममा, भिक्षु धम्मसागरज्यू समक्ष पञ्चशील ग्रहणपछि प्रतियोगिता कार्यक्रमको निणार्यकमा बालकृष्ण हलवाई, देवेन्द्र थापा तथा बालकृष्ण कार्की रहनु भएको थियो । संस्थाका सचिव सुमन सागरले संचालन गर्नु भएको उक्त कार्यक्रममा उपाध्यक्ष धर्मकुमारी मोक्तानले स्वागत मन्तव्य दिनुभएको थियो भने कार्यक्रमका संयोजक सपना शाक्यले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नु भएको थियो ।

गौतम बुद्धको दिव्य अमृतोपदेशहरू मानवीय जीवनको लागि अर्ति नै व्यवहारिक, सान्दर्भिक तथा वैज्ञानिक रहेको तथ्यलाई मनन गरेर यस ज्ञानमाला संघले उक्त अमृतोपदेशहरूलाई भजन मार्फत सर्वव्यापी तुल्याउने अभिप्रायले समय समयमा भजन क्यासेट निर्माण गर्ने, भजन टेलिभिजनमा छायांकन गर्ने, भजनको प्रत्यक्ष कार्यक्रम गर्ने गराउने कामहरू गरिआएको सर्वविदीतै छ । त्यस्तै यस पटक २५४५ औं बुद्ध पूर्णिमाको सुखद अवसरमा जनमानसमा बुद्ध शिक्षा सर्वव्यापी तुल्याउने, प्रतिभाशाली कलाकारहरूको प्रतिभा प्रस्फुटन गराउने उद्देश्यले यस कार्यक्रम आयोजना गरि एको हो ।

स्मरणीय रहोस् २०५९ सालमा यस ज्ञानमाला संघले चर्तुर्थ राष्ट्रिय ज्ञानमाला सम्मेलनको आतिथ्य गर्ने सुअवसर पाएको छ ।

*४. स्वस्थ बाल प्रतियोगिता :*

यस बुद्ध विहारमा बौद्ध युवा साथीद्वारा स्वस्थ बाल प्रतियोगिता कार्यक्रम सम्पन्न भयो । संस्थाका अध्यक्ष शिवराज श्रेष्ठको सभापतित्वमा बी.पी. स्वा.वि.प्रतिष्ठानका बाल विशेषज्ञ डा. रुपा सिंह प्रमुख अतिथि रहनु भएको यस कार्यक्रममा निर्णायकमा उक्त स्वास्थ्य प्रतिष्ठानका दुई जना डाक्टरहरू रहनु भएका थिए ।

*५. अभिनन्दन समारोह :*

बुद्ध पूर्णिमाको अवसरमा यस बुद्ध विहारमा दश जना विशिष्ट व्यक्तित्वहरूलाई "अभिनन्दन" गरियो ।

२०१८ सालमा स्थापना भएको यस बुद्ध विहारको उत्थान तथा सम्बर्द्धनमा अमूल्य योगदान पुऱ्याउनु हुने १० विशिष्ट व्यक्तित्वहरूलाई बुद्ध जयन्तीको दिन एक भव्य समारोह विच ससम्मान अभिनन्दन गरियो ।

अभिनन्दित १० जना विशिष्ट व्यक्तित्व यसप्रकार रहनु भएको छ :- १ श्रद्धेय भिक्षु मैत्री २. सुमेधावती गुरुमाँ ३. स्व. मणिहर्ष ज्योति कंसाकार ४. मोतिराज ताम्राकार ५. स्व. गोविन्द मोक्तान ६. हरिकृष्ण ताम्राकार ७. कृष्ण शाक्य ८. लोक ब. शाक्य ९. खड्ग कुमारी ताम्राकार १०. इन्द्र बहादुर मानन्धर । बुद्ध विहारकी अध्यक्ष विष्णुदेवी श्रेष्ठको सभापतित्व धरान नगर प्रमुख श्री मनोज कुमार भेयाङ्गबोज्यू प्रमुख अतिथि रहनुभएको यस "अभिनन्दन समारोह" २०५८ की संयोजक र मना श्रेष्ठ हुनुहुन्थ्यो ।

कार्यक्रम संचालक द्वय: मनोज श्रेष्ठ तथा सुमन सागर हुनुहुन्थ्यो । यस समापन कार्यक्रममा बुद्ध विहारकी अध्यक्ष श्रीमती विष्णुदेवी श्रेष्ठले बुद्ध विहारका कार्य समितिका पदाधिकारीहरू तथा सदस्यहरूलाई आफ्नो तरफबाट "मायाको चिनो" प्रदान गर्नु भयो ।

बुद्ध जयन्तीको दिन धरानस्थित सम्पूर्ण बौद्ध संस्थाहरूको संयुक्त सहभागीतामा नगर परिक्रमा गरियो र साँझ बुद्ध विहारमा दिपावली कार्यक्रम सम्पन्न भयो ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं। फोन : ४३४८५०, ४३४७५३, फ्याक्स : ४३३९२९
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५१०३२, २५९५५० फ्याक्स : (९७७-१) २५६६७८

Downloaded from http://www.dhamma.digital